(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



पुस २०७८ २४३

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०७८ पुस (Dec. 2021- Jan 2022)

वर्ष २१ अङ्क ३ पूर्णाङ्क २४३ (Year 21 Issue 3 Total issue 243)

संस्थापक संरक्षक : प्रा. राजेन्द्र सुवेदी (हाल दिवङ्गत)
सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेब प्रायोजन | : | https://pustakalaya.org<br>http://bit.ly/sabdankur |
| आवरण फोटो | : | सुधीर श्रेष्ठ |

ISSN : 2773-7969

मूल्य रु. ५५/-

**प्रतिनिधि**

प्रकाशचन्द्र निङ्लेकु, अस्ट्रेलिया prakash_ningleku@yahoo.com; लक्ष्मीकृष्ण श्रेष्ठ, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी; अरुणबहादुर खत्री 'नदी' ०१-४३५३५९४, सामाखुसी साहित्य समाज, काठमाडौँ; एकल यात्री ९८४९-७३३६२८, काठमाडौँ; पेशल आचार्य, ९८४४०-४४०८३, मन्थली उच्च माध्यमिक विद्यालय, रामेछाप; उमेशजङ्ग रायमाझी ९८५१०-१०३६७, काठमाडौँ; प्रेम ओझा, कञ्चनजङ्घा एकेडेमी, फिदिम, पाँचथर; ९७४२६०१८२३ र ९८५२६८१०२३, राजेशकुमार अर्याल, धवल पुस्तकालय, तानसेन, पाल्पा, पुष्करराज भट्ट, ९८४९-२२५८८३, जयमालिका कलेज, धनगढी, कैलाली; लोकेश साउद, ९८४८-८४५८९८, दशरथ चन्द नपा, वडा नं. १ शाहीलेक, बैतडी; प्रदीप प्रधान, ९८४७०-२७२ ९३, ९८०४४३६९०९ पञ्चरत्न फेन्सी स्टोर्स, अमरपथ, बुटवल, रूपन्देही र मोतीबहादुर भुजेल, ९८४६०-२७२१८ र ९८५६-०३०५२५ मुनाल स्टोर्स, चिप्लेढुङ्गा ४ पोखरा, कास्की र दीपक सुवेदी, गौरादह ४, झापा र श्रीराम राई, ९८४३७९२५५८ दोर्पा २, चिउरीडाँडा, सिर्जनाकुञ्ज, खोटाङ, कुमार काफ्ले, सिद्धिचरण पुस्तकालय, यसम, ओखलढुङ्गा माधव अधिकारी, ९८४३५७१८८२, नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ, काजी रोशन, ९८४७-६२१३०९, ०६८-५२०२०४, बागलुङ..

## यस अङ्कभित्र

जुरेली मन : दिलमान राई 'चोट' ६; जब उनी हिँड्छिन् : राधिका कल्पित ८; गीत : प्रेम ओझा ९; आज चौतरीमा जाने मन छैन : अम्बिका अर्याल १०; गीत : नवीनचन्द्र घिमिरे ११; नयाँ विधाप्रति : विष्णु दाहाल १२; मुक्ति : श्रवणकुमार ढुङ्गाना १३; तिमी फूल हौ मेरो मनको : उद्धव न्यौपाने १५; गजल : रमेश प्रभात १६; मुकुन्दे अब तँ गीत गा : मधुर भट्टराई १७; शब्द पनि के चिज ... : समीर उपाध्याय १९; गजल : लीलाराज दाहाल २३; गजल : जेबी खत्री ३८;

कथा/लघुकथा/नियात्रा/लकडाउन डायरी/समालोचना/कृति समीक्षा

छाङ्ग्रा : टङ्कबहादुर आलेमगर २०; फर्सीको झाल : प्रा.डा. कपिल लामिछाने २२; प्रयास : इन्द्रकुमार श्रेष्ठ 'सरित्' २३; स्वभाव : जीवन दाहाल २४; सपोर्ट डकुमेन्ट : हरि आत्रेय २५; ब्राजिलको ग्यासपानी : विनोद खड्का २६; जारको रिस : एम 'पथिक' ३०; कोरोना कहरको क्रन्दन : रामदयाल राकेश ३१; तराई भावभूमिको 'गरूराहा' उपन्यासमा एक नजर : खेमराज पोखरेल ३३; 'मध्यरातमा मुर्कट्टा' देख्ने कवि : तेजविलास अधिकारी ३९ र नोबेल साहित्य पुरस्कार : भोगेन्द्र लिङ्देन ४१ ।

**पत्रिकाको ठेगाना**
sabdankur@gmail.com/sabdankur58@yahoo.com
काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्र पत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

**विशिष्ट सदस्य**

सीता सापकोटा (काठमाडौँ) र इन्दिरा चापागाईं (सङ्खुवासभा)

**आजीवन सदस्यहरू**

नर्मदेश्वरी सत्याल (सङ्खुवासभा), प्रा.डा. गोविन्दराज भट्टराई (पाँचथर), भोगेन्द्र लिङ्देन (झापा), धीरकुमार श्रेष्ठ (सप्तरी), गोविन्द घिमिरे (सिन्धुपाल्चोक), राजेशकुमार लिम्बु (तेह्रथुम), समीर शाह दाङ), सुभाषचन्द्र भण्डारी (कैलाली), हरिप्रसाद भण्डारी (गुल्मी), डा. रामप्रसाद ज्ञवाली (गुल्मी), रामदेव पाण्डे (अर्घाखाँची), देवीप्रसाद नेपाल (झापा), विश्वराम सिग्देल (काभ्रेपलाञ्चोक), छविरमण सिलवाल (काभ्रेपलाञ्चोक), प्रा.डा. कुमारप्रसाद कोइराला (ओखलढुङ्गा), नन्दलाल आचार्य (उदयपुर), अनन्त वाग्ले (काभ्रेपलाञ्चोक), लक्ष्मीकृष्ण श्रेष्ठ (धनकुटा), ध्रुव नेपाल (पाल्पा), मुकुन्द पोखरेल (भक्तपुर), नारायणप्रसाद रिमाल (पर्वत), मदनबहादुर पाठक (सर्लाही), अमरकुमार प्रधान (दोलखा), रामविक्रम थापा (खोटाङ), जी.के.एन. खडेरी (ललितपुर), मणिराज सिंह (महोत्तरी), अनिल श्रेष्ठ (तनहुँ), रामकृष्ण दुवाल (काठमाडौँ), इन्द्रकुमार श्रेष्ठ (ओखलढुङ्गा), मोतीबहादुर भुजेल (कास्की), प्रेमराज लुइँटेल (स्याङ्जा), सगुन श्रेष्ठ (दोलखा), डा. तुलसीप्रसाद भट्टराई (ताप्लेजुङ), निरञ्जन रिजाल (धादिङ), अनिलचन्द्रश्रेष्ठ (दोलखा), डिल्लीराम राई (खोटाङ), प्रा.डा. जीवेन्द्रदेव गिरी (सुर्खेत), टेकेन्द्र चेम्जोङ (झापा), हरि गौतम (पाँचथर), अविनाश श्रेष्ठ (आशाम, भारत), केशव भट्टराई (मोरङ), विन्दु दाहाल 'मुकदर्शक' (झापा), विष्णु न्यौपाने (झापा), नरपति पाण्डे (झापा), लेखनाथ न्यौपाने (झापा), दीपक सुवेदी (झापा), टङ्कबहादुर आलेमगर (उदयपुर), मधुर भट्टराई (महोत्तरी), यादव भट्टराई (पाल्पा), घनबहादुर, कुमार काफ्ले (ओखलढुङ्गा), दिव्य गिरी (ललितपुर), सुरेश काफ्ले 'बिदारक' (सुनसरी), निरञ्जन त्रिपाठी (काठमाडौँ), श्रवणकुमार ढुङ्गाना (रूपन्देही), प्रा.डा. कृष्णप्रसाद घिमिरे (अर्घाखाँची), सागर फुयाँल (काठमाडौँ) ...

# विद्युतीय प्रतिक्रिया

समयमा नै **शब्दाङ्कुर**को डिजिटल कपी पढ्न पाइयो । धन्यवाद सम्पादक र प्रकाशकलाई । कविता मात्रै पढ्दा भात मात्र नुनसँग खाएको अनुभव हुँदो रहेछ । कथा, समालोचना, निबन्ध, नाटक, मुक्तक, गीत, गजललगायतका सबै विधा, उपविधा समावेश हुँदा र लोकसाहित्य पनि मिसाउँदा बढी सङ्ग्रहणीय तथा पठनीय होला ।

प्रा.डा. कृष्णप्रसाद घिमिरे, काठमाडौँ

हजुरहरूको अथक परिश्रमको फलस्वरूप निरन्तर प्रकाशनमा आइरहेको स्तरीय साहित्यिक पत्रिका **शब्दाङ्कुर** निरन्तर प्रगतिपथमा छ । यस महत् कार्यका निम्ति हार्दिक बधाई चढाउन चाहन्छु । भारतीय नारी लेखिकाका रचना समेटेर प्रकाशित पत्रिका अति नै सुन्दर र स्तरीय छ ।

सुभद्रा बम्जन, दार्जिलिङ, भारत

मङ्सिर २०७८ सम्म आइपुग्दा **शब्दाङ्कुर**ले २४२ पूर्णाङ्कको भोटो फेरिसकेको छ । जन्मनु सजिलो छैन । हुर्काउन कति गाह्रो हुन्छ त्यो भोग्नेलाई थाहा हुन्छ । कसले सोचेको थियो, बालमुकुन्ददेव पाण्डे र उत्तम कुवरको संयुक्त सम्पादनमा निस्किने **रूपरेखा** जसले २०० पूर्णाङ्कमा राजा वीरेन्द्रको अन्तर्वार्ता समाहित गरेको थियो, बन्द होला भनेर । पत्रिका जन्मनुभन्दा टिक्न नसकेर बिलाएका छन् । विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भएपछि, सत्ताको गुणगान गर्ने त धेरै हुन्छन् तर प्रतिपक्षको भूमिका निर्वाह गर्ने सशक्त पत्रिका निकाल्नुपर्छ भनी रु ६०० खल्तीबाट दिई **समीक्षा** साप्ताहिक (सम्पादक मदनमणि दीक्षित) बाट प्रकाशित गराए । यो स्मरणीय छ । यसै गरी प्रत्येक शुक्रवार निस्किने **नयाँ सन्देश** (प्रधान सम्पादक रमेशनाथ पाण्डे), मङ्गलवार निस्किने **मातृभूमि** इतिहासको गर्भमा बिलाए । नेपालका सन्दर्भमा १९९१ मा ऋद्धिबहादुर मल्लद्वारा सम्पादित **शारदा** उनका दुई पुत्र विजय मल्ल र गोविन्द गोठालेलाई साहित्यकार बनाई बन्द भयो । ५० वर्षपछि यो पुनः निस्किँदै छ । **धरती**, **प्रगति**, **इन्द्रेनी** आदि लामो नाम छ । प्रधान सम्पादक तेजप्रकाश श्रेष्ठसँग मिली मैले निकालेको **साङ्ग्रिला** त्रैमासिक २७ अङ्कपछि बन्द भयो ।

यस पृष्ठभूमिमा तहाँले आँटै गरी हरेक महिनाको सङ्क्रान्तिको दिन पाठकको हात पर्ने गरी पिडिएफ फायलमा राखी पुऱ्याइदिनुहुन्छ । यो स्तुत्य छ । पत्रिकालाई दीर्घ जीवन दिन नै होला हरेक अङ्क ४८ पृष्ठ, एउटै आकार, सान्दर्भिक आवरण, अपवाद छाडी साहित्यिक समाचार समाहित गरेकोले महिनाभरिका साहित्यिक गतिविधि जान्ने मौका पाइन्छ । पूर्णाङ्क २३९ मा दोलखाका नवप्रतिभा विके श्रेष्ठ 'पासा'का साथ तेजप्रकाश श्रेष्ठजस्ता वरिष्ठ साहित्यकारलाई समेटिएको छ । डिल्लीरमण (दिल्ली हैन) सुवेदीजीका अनुसार साहित्यिक पात्रो हरेक महिनाको पहिलो शुक्रवार जस्तो लाग्छ, तेजले चाहिँ प्रत्येक महिनाको अन्तिम साता लेखे । पूर्णाङ्क २४० मा प्रकाशित दिव्य गिरीद्वारा लिखित स्वर्गीय महेश अमात्यको **बनफूल** (गीतकविता सङ्ग्रह) को लोकार्पण प्रतिवेदनले कृति छाडे मृत्युपछि अमर हुन्छ भनी सन्तोष लिने बाटो देखाएको छ । पूर्णाङ्क २४१ र २४२ मा ५९ जना भारतीय नारीका रचना सङ्कलित छन् । विशाल मित्रराष्ट्र भारतका नारी प्रतिभाका रचना समाविष्ट गरी एउटै मालामा उनिएको छ । दुवै अङ्क स्मरणीय छन् । दीपक सुवेदीको संयोजनमा भारतीय नेपाली कविताका ३ अङ्क प्रकाशित छन् । उहाँलाई साधुवाद । समग्र शब्दाङ्कुर परिवारको नियमितता र प्रस्तुतिको कामनासहित बधाई ।

अमरकुमार प्रधान, दोलखा, हाल : मुम्बई, भारत ।

# हाम्रो अभिमत

समयको गतिशीलता निरन्तर क्रियाशील छ । यो न कहिल्यै रोकिएको छ न कहिल्यै रोकिन्छ न कहिल्यै रोकिने नै छ । आजका दिनसम्म आइपुग्दा यसो भन्न सकिन्छ । यद्यपि भोलिको दिन कस्तो होला र हुने छ त्यो यकिन गरेर भन्न सकिने अवस्था भने किमार्थ होइन र छैन । हिजोदेखि आजसम्म देखेका आधारमा भने भन्न सकिन्छ समय जस्तो छ त्यस्तै बित्दै जाने छ । यसमाको गतिशीलताले निरन्तरता पाइरहन्छ । घटनाहरू घट्छन् जान्छन् तर समयको गति रोकिँदैन । यसले हामी कसैलाई पर्खेर बसी पनि राख्दैन । पर्खेर बस्नु भनेको समयको कुनै पनि अंशमा रत्तिभर नपाइने र खोज्न नमिल्ने विशेषता हो । हामी समयलाई पर्खिन सक्छौँ तर समयले हामीलाई पर्खिन सक्दैन । हामी मात्र होइन, कसैलाई नपर्खिनु समयको निरन्तरता हो । यो एउटा प्रवाह हो जसको अजश्रतामा कहीँकतै बाधाविरोध उत्पन्न हुनै सक्दैन । जस्तोसुकै घटनापरिघटनाले पनि समयको गतिलाई रोक्न सक्दैन । प्रकृतिमा आजको भोलि परिवर्तन आउन सक्छ तर समयमा कुनै परिवर्तन आउँदैन । यो कसैका लागि सहज र कसैका लागि असहज पनि हुँदैन । यसले कसैलाई काखा र कसैलाई पाखा पनि गर्दैन । केवल अनुभूतिको कुरो हो । कसैले आफ्ना लागि उपस्थित सहज अवसरलाई सहज समयका रूपमा लिन सक्छन् । कसैले आफ्ना लागि उपस्थित असहज अवसरलाई असहज रूपमा लिन सक्छन् । उसका लागि कष्टकर अवसर अथवा घटनापरिघटना हुन सक्छ तर समय हुन सक्दैन । समय त निरन्तर अगाडि बढिरहन्छ । यसलाई कहिल्यै पछाडि फर्केर हेर्नुपर्ने आवश्यकता हुँदैन । यसको स्वभाव भनेकै बढिरहनु हो बढिरहनु हो । बढिरहनुमै यसको सार्थकता र अस्तित्व निर्भर छ । बढाइको लक्ष्य भने शिखरविहीन छ । पुग्नुपर्ने कुनै टुङ्गो हुँदैन । हाम्रा लागि नियत समयमा नियत गन्तव्यमा पुग्नुपर्ने आवश्यकता हुन्छ र हुनु पनि पर्छ । योविना हाम्रो जीवनयात्रा अर्थहीन हुन सक्छ । कारण हाम्रो जीवन समयको अजस्रांशको माइक्रोस्कोपिक विन्दुभन्दा पनि क्षीण छ । यति क्षीण कि भन्न र गन्न पनि सकिन्न । हामी केवल समयको निर्धारित क्षणविशेष मात्र जिउँछौँ । यही जिउने पन पनि प्राणीपिच्छे फरक फरक छ । कसैको जीवन नामको समयविन्दु क्षणविशेषमा सीमित छ भने कसैको वर्षौंवर्षमा । यो क्षणविशेष र वर्षौंवर्षको विभाजन रेखा पनि हामीले कोरेका हौँ । दिनरात र उज्यालोअँध्यारो पनि हामीले अनुभूत गरेका हौँ । समयलाई न त सूर्य उदय हुन्छ न त अस्त । उसका लागि उकालोओरोलो र सजिलोअप्ठ्यारो हुँदैन । जहीँतहीँ खुला राजमार्ग जहिल्यैतहिल्यै लमतन्न हुन्छ । उसको मार्गमा उबडखाबड हुँदैन । पानीमा सलल बग्ने किस्तीजस्तै समय जहिल्यै निर्वाध गतिमा बगिरहन्छ । उसका लागि अवरोध र बाधाविरोध हुँदैन । समयको यस स्वरूपका बारेमा चिन्तन गर्दा लाग्छ, समय प्रकृतिभन्दा माथि छ । प्रकृतिका कुनै घटनादुर्घटना अथवा परिवर्तनले समयलाई छुँदैन कर्कलाको पातलाई पानीले छुन नसकेजस्तै । भनेपछि, के समय प्रकृतिभन्दा बलवान् र शक्तिशाली छ ? समयका अगाडि प्रकृतिको पनि केही जोर चल्न सक्दैन ? हुन सक्छ यो प्रकृतिभन्दा न बलवान् र शक्तिशाली छ अथवा हुन सक्छ न यो प्रकृतिभन्दा निर्धो वा दुर्बल नै छ । शक्तिका आधारमा अमाप्य हुनु, स्वरूपका आधारमा दृश्यमान नहुनु, गतिका आधारमा एकनास हुनु नै समय हो कि ? यस आधारमा समय परिवर्तनशील छ भन्ने भाष्यमा पनि कतै संशोधनको आवश्यकता देखा परेको हो कि ? किनभने परिवर्तन त समय होइन परिवेश र परिदृश्य पो हुँदो रहेछ त । सोचविचार र दृष्टिकोण पो परिवर्तन हुँदो रहेछ । यसैलाई लिएर हामी समयलाई परिवर्तनशीलको बिल्ला भिराइदिँदा रहेछौँ कि त ? सोच्नु र विचार्नुपरेपछि यसरी पनि त सोच्ने क्षितिज फराकिँदो

रहेछ । यसैले समयलाई हामीले कुन रूपमा लिने ? यो प्रश्न गम्भीर बनेर देखा पर्छ । के हामीले हाम्रा अगाडि उपस्थित समयलाई सदुपयोग गरेका छौँ ? अथवा यसलाई आफ्ना नाममा बिताउनका लागि बिताएका छौँ ? हाम्रा लागि समय कहिल्यै ढिलो हुँदैन । हामी ढिला हुन्छौँ र आफ्नो वर्चस्व स्थापित गर्न समयको दुरूपयोगलाई उपयोग गर्छौं । समय हाम्रा लागि महँगो हुँदैन, सस्तो हुन्छ र विनाप्रयत्न हामीले उपयोग गर्न पाइरहेका हुन्छौँ । हाम्रा लागि समय उल्फाको धन भनेजस्तै त कतै भइरहेको छैन । सुनिन्छ, कोही कोही समयको क्षणांश पनि विलम्ब नहोस् भन्नेमा सचेत हुन्छन् । उनीहरूका लागि समय मूल्यवान् सम्पत्ति भइरहेको हुन्छ । यसैले उनीहरू निरन्तर निरन्तर अगाडि बढिरहेका हुन्छन्/छन् । उनीहरू निरन्तर निरन्तर अगाडि बढिरहेकोलाई हामी गम्भीर रूपमा लिँदैनौँ र हाँसको चाल न बकुल्लाको चालमा ढल्की ढल्की हिँड्नका लागि हिँड्न बानी परिरहेका हुन्छौँ । हामीलाई कहीँ पुग्नुको हतारो हुँदैन । लक्ष्य निर्धारण गरे पनि त्यो गर्नका लागि गर्छौं अथवा नियत समयमा पुग्नका लागि ? यसउपर विचार्नुपर्ने खण्ड आइपरेको हो कि भन्ने लाग्छ । होइन भने हामीले किन बढीजसो निर्धारित लक्ष्य नियत समयमा प्राप्त गर्न सकेनौँ । यसरी कहिल्यै नसोच्ने ? जहिल्यै उसरी नै सोच्ने जसरी हिजोअस्तिदेखि सोचेर आइएको थियो । त्यसमा परिवर्तनको कुनै आवश्यकता छैन ? यस किसिमको सोचमा परिवर्तनको आवश्यकता नहुँदो त अरूहरू निकै अगाडि बढिसकेको र हामी निकै पछाडि परिसकेको नहुनुपर्ने होइन र ? हाम्रा लागि केवल नहुनुपर्ने भइरहने र हुनुपर्ने कहिल्यै नभइरहनुपर्ने हो र ? यो समयले हाम्रा लागि ससम्मान प्रदान गरेको उपहार हो र ? जसमा हामी दिनरात मक्ख छौँ । कि हामीले हाम्रा लागि सगौरव निर्धारित गरेको (अ ?) व्यवस्थापन हो ? यी र यस्तै प्रश्नहरूले घेरिएर कहिले यिनबाट मुक्त हुने ? सटिक उत्तरको खोजी गर्न कहिले सुरु गर्ने । भन्नलाई भन्छौँ, बगेको खोलो र बितेको समय कहिल्यै फर्किन्न । नफर्किने यही समयलाई हामी हाम्रा तदारूकताले सदुपयोग गरिरहेका छौँ कि आउँछ जान्छको ढाँचामा बिताउनका लागि बिताइरहेका छौँ ? हामीलाई समयले झक्झक्याइरहेको छ अथवा मस्त निद्रामा कुम्भकर्ण निदाउन दिइरहेको छ ? हुन त समयले न कसैलाई झक्झक्याउँछ न कसैलाई सुत बाबु सुत उठ्ने बेला भएको छैन भनेर थप्थपाउँछ । समात्न नसकिने समय र वचत गरेर राख्न नसकिने समयलाई बेलामा सदुपयोग गर्न सक्ने हुनुपर्ने हो कि भन्नेसम्मको सोच मात्र हो । रोकेर रोक्न नसकिने र छेकेर छेक्न नसकिने समयको गतिलाई आत्मसात गरी निरन्तर निरन्तर समयसँगसँगै कदममा कदम मिलाई बढिरहनुपर्ने पो थियो कि ? अथवा छ कि ? अथवा हुने छ कि ? यो नगरी कतै उपरखुट्टी लगाएर समयलाई बग्न दियौँ, दिएका छौँ अनि दिने छौँ कि र हामी जहाँको त्यहीँ अथवा निकै पछाडि छाडियौँ कि भन्नेसम्मको चिन्तन मात्र हो । चिन्ता गर्नुपर्ने विषय उपस्थित गराएको अवश्य होइन । अब पनि यी र यस्ता तथ्य र सत्य (?) उपर चिन्तन नगर्ने हो भने हाम्रो चेतनाको विस्तार कहिले हुने हो ? हामी कहिले जाग्ने हो ? हाम्रा समयहरू व्यर्थका छिनाझपटी र अस्वस्थ होडबाजीमा बितिरहेका त छैनन् ? आफू अगाडि पुग्ने नाममा सबै पछाडि परिरहेका त छैनौँ ? किनभने समग्रताको परिचय महत्त्वपूर्ण हो र हुन्छ । एक्लो परिचयले समग्रतालाई प्रतिनिधित्व गर्न सक्तैन र सकेको छैन । यो तितो तथ्य हाम्रा अगाडि सगौरव उपस्थित छ । अब पनि नविचारे कहिले विचार्ने ? समयविन्दुको यस क्षणविशेषमा यो विनम्र जिज्ञासा मात्र हो ।

**– प्रधान सम्पादक**

कविता

# जुरेली मन



दिलमान राई 'चोट'
(प्लट नं. १८३, नव्य ल्यान्डमार्क, बिराम्गुडा ५०२०३२,
अमिनपुर, हैदरावाद, तेलङ्गाना, भारत)

गुँडबाट हुर्कनेबित्तिकै
पखेटा फिज्याउँछ
शरणार्थी चरी मन

आँखाभरि अँटाई
थुतुनोभरिको विस्तार
भौँतारिन्छ पाइला लक्ष्यहीन

आकाश छुने लालसा
आँखाभरि पालेर
उड्न खोज्छ
शरणार्थी चरी मन

वन मासियो सम्पदा नासियो
शरणार्थी बनी पलायन हुन्छ
विवश चरी मन

गाउँ टुहुरो बन्यो
घाँसदाउरा दन्त्यकथा भयो
ढिकीजाँतो कुना पस्यो
कुटेकोदालोमा खिया बस्यो

खेतबारीमा ट्र्याक्टर चल्छ
पसिनाको स्थानमा
डिजल जल्छ

समय त्यही हो,
जमाना बद्लेछ
भोगाइ त्यही हो
सोचाइ बद्लेछ

सभ्यताले सिंगौरी खेल्छ
शिक्षाको उज्यालोमा
तर अझै पनि टुकी निसासिन्छ
अँध्यारो कोठामा

आफ्नै छायाँसित डराएर
अन्तै उडन खोल्छ
यो काँतर चरी मन

डरको घर कहिल्यै भत्किँदैन
जबसम्म त्यसको जरो उखेलिँदैन

गाउँले दाइ सहरसित सहमन हुँदैन
किनकि सहरको मुटु हुँदैन

गाउँ त टाढाबाट सम्झन पर्ने
ठाउँ मात्र रहेछ
गाउँ त आत्माबाट जप्न पर्ने
नाउँ मात्र रहेछ

बाँसले यही हो तिम्रो गाउँ
आऊ आऊ भनी बोलाए झैँ लाग्छ
तर केराको पातले होइन होइन
यहाँ तिम्रो कोही छैन, केही छैन
फर्केर उतै जाऊ भने झैँ लाग्छ

केही दिनको निम्ति
आफ्नै घरमा पाहुना बनी
सहर फर्किन्छ
प...रैबाट सम्झनलाई
शरणार्थी चरी मन ।

(dilmanrai54@gmail.com)

**आगामी आकर्षण**

कृष्ण बजगाईं, पेशल आचार्य, महानन्द ढकाल, उपेन्द्र भट्टराई, रवीन्द्र बुढाथोकी, राममणि पोखरेल, दीपक श्रेष्ठ, ईश्वर थोकर, राजेश चोच्छे, नवराज रिजाल आदि ।

कविता

# जब उनी हिँड्छिन्

राधिका कल्पित
(काठमाडौँ)

जसरी घुमिरहेछ यो पृथ्वी
बोकेर काँधमा समुद्र, आकाश र पहाड
त्यसरी नै हिँडिरहिछन् उनी
लिएर एउटा ब्रह्माण्डजस्तो शरीर
अनि
शरीरभित्र मन, मुटु र मस्तिष्कको त्रिलोक ।

जब देख्छु
निरन्तर दौडिरहेका
कलिला र खिरिला ती पैतालाहरू
तब लाग्छ
एउटा कमिलो हिँडिरहेछ
बोकेर एउटा द्रोणाचल पर्वत
एउटा नदीले घिसारिरहेछ
एउटा सिङ्गो महासागर ।

एउटा घडीको सुईले जसरी
बोकेर हिँड्छ हजारौँ युगहरू
त्यसरी नै हिँड्छिन् उनी
बोकेर असङ्ख्य अवयवहरू !

उनले पाइला चालेपछि
सुवास आफै
उनको
निजी सुरक्षाकर्मी बन्न आइदिन्छ
घाम
उनको पछि लाग्न पाउँदा गर्व गर्छ
बहँदो पवनले उनको आँचल बोकेर हिँड्छ
फूलहरू उनका खराउ बन्न तयार हुन्छन्
चराहरू उनका सारथी बनिदिन्छन् ।

जब चाल्छिन् उनी एक जोडी पाउहरू
तब मयूर एक छिन अडिएर
आरिस गर्दै हेर्छे उनको ताल
मृगका पाठाहरू सिको गर्न थाल्छन्
उनको चपल चालढाल !

पैतालामुनि चेपेर
कसैको प्राण र प्रतीक्षा
वास्तै नगरी
कसैको अनुराग र अपेक्षा
सुनसान पारी अनेक मनका नगरी
कहाँ पुग्न हिँडेकी हुन् यी सुन्दरी !

(gautamradhika2000@gmail.com)

गीत

# गीत



प्रेम ओझा

तिमी आयौ र अकास मुस्कुरायो
तिमीले गायौ र बतास जुरमुरायो ।
म कसरी गरूँ विश्वास कि
भागेको बहार फेरि फर्की आयो ।

हरेक दिन चिहाउन आउँछन्
विगतका सम्झनाहरू
छातीभित्र सल्बलाउँछन्
अतृप्त कति तिर्सनाहरू
म कसरी खोलूँ यो रहस्य कि
भागेको बहार ...

फेरि आस्था बिउँझिएका छन्
हाम्रा वाचाबन्धनहरूमा
फेरि प्रीत गुन्जिरहेछ
मुटुका हरेक धड्कनहरूमा
म कसरी लेखूँ तिम्रै कथा
भागेको वहार ...

(premojha23@gmail.com)

कविता

# आज चौतरीमा जाने मन छैन



अम्बिका अर्याल
(गोरखा)

हजुर,
नपर्खनुस् मलाई
आज
चौतारीमा जाने मन छैन ।

स्वच्छ बतास नचल्ने त्यो चौतारीमा
उमङ्गका तरङ्गले नछुने त्यो चौतारीमा
यौवन मरेर पसिनाले भिजेका
कुलको अस्तित्वमा रुमल्लिएर
बोतल र सितनमा पल्कनेका प्रभावले
कानै कलुषित पार्नु छैन ।
आफ्नालाई घुम्टोभित्र लुकाएर
अर्काका तिघ्रा मुसार्न पल्केका
पाषाणहरूको हुल भेट्ने मन छैन ।

आफ्नै कोखमा छुरी धसेर
रगत पिउँदा सन्तोष नमान्नेका मुखबाट
शाान्तिका गाथा सुन्नु छैन
मलाई त यही शून्यता मन पर्छ
शून्यमा डस्ने तागत हुँदैन
शून्यमा कसैलाई पेलेर
भोजमा मोज गर्ने हर्कत हुँदैन ।

मलाई
पुराना चौतारीले झस्काउँछन्
तिनका इतिहासले पोल्छन्
मेरी हजुरआमाले लगाएका चौतारीमा
ब्वाँसाको भेला हुन थालेदेखि
दर्शन थला पऱ्यो ।

नैतिकता हुङ्कारसँग डराएर
टाङमुनि पुच्छर लुकाएर
कुलेलम ठोकिसक्यो ।

अब
न्याय र अन्यायको फैसला बिर्सिएको
अपमानका ध्वनि गुन्जाएर काखमा
आफू हुनुको अस्तित्वमा
खुम्री बुढीझैँ बाध्यताले खुम्चिएको
त्यो निरीह चौतारीमा जाने मन छैन ।

साँच्चै विश्वास हराएर
आफैमा धिक्कारिरहेको
बास्नाहीन, कर्तव्यहीन
कुरूप बनाइएको चौतारीमा
घिनलाग्दा भलाकुसारी सुन्न
साँच्चै,
अब चौतारीमा जान मन छैन....

(ambiaryalgmail.com)

गीत

# *गीत*



नवीनचन्द्र घिमिरे
(लमजुङ)

म त तिम्रो मदन हजुर तिमी मेरी मुना
बास बस्न आऊ मेरो हृदयको कुना ।

जुनेलीझैँ रङ्ग तिम्रो जूनै चोऱ्यौ कि त
जूनसँग उज्यालो नै पैँचो माग्यौ कि त
लोभलाग्दो हाँसो अनि बोलीभित्र टुना
बास बस्न आऊ मेरो हृदयको कुना ।

हिजोजस्तो छैन आज बेथा चर्को भयो
नदेखेमा के हुन्थ्यो खै देख्दा अर्को भयो
आफ्नोभन्दा तिम्रो माया लाग्छ गुना-गुना
बास बस्न आऊ मेरो हृदयको कुना ।।

(navin.bindu@gmail.com)

कविता



# नयाँ विधाप्रति

विष्णु दाहाल
(इनरूवा ५, सुनसरी)

(छन्द : अनुष्टुप्)
देखिँदै छन् विधा नौला कविताका बजारमा
आरोहणविनै उच्च शैल चुम्ने हतारमा ।
कविताको बगैँचामा शब्दार्थको सुगन्ध खै
काव्य सौन्दर्यका तत्त्व रसालङ्कार छन्द खै ?

आँखा तस्बिरमा पुग्छन् पुग्दैनन् रचनातिर
गद्यकाव्य बिके किन्तु बिकेनन् पद्य सुन्दर ।
बिरूपका कथा लेखी कवि बन्ने प्रशस्त छन्
पारखी हुँ भनी आफै प्रशंसामा निमग्न छन् ।

विनास्याहारले आजै होला झैं छ कुपोषण
फूलका बिचमा काँडा होला र के सुशोभन ?
शब्दपुञ्ज थुपार्दैमा कविता सौम्य हुन्न कि
गैह्रो भावविना भित्री ह्रदय पो छुँदैन कि ?

पाखुराको बनोस् काव्य टाकुराको चुमोस् शिर
शिशिरमा फूलोस् फूल रूप फेरोस् कि पत्थर ।
झुल्कियोस् कविताभित्र पूर्णिमाको शशी अब
जूनकिरी बनोस् शैली शिल्पमा विजयोत्सव ।

अर्थपूर्ण बनुन् काव्य ओजपूर्ण बनुन् कवि
जस्तो कि तेजले युक्त नभमा व्याप्त छन् रवि ।
शब्द शब्द उनी माला गाँसियुन् काव्य कुञ्जमा
कस्तुरीको बिनाजस्तै सुवासिलो निकुञ्जमा ।।

आओस् कि कविमा यस्तो अपूर्व जोसजाँगर
रचोस् कि कविता त्यस्तो बढोस् मान र आदर ।
नौला नौला भरोस् बुट्टा लाओस् जामा र घाँघर
अटाओस् बिन्दुमा सिन्धु बुँदमा भवसागर ।।

(bishnudahal641@gmail.com)

कविता

# मुक्ति

श्रवणकुमार ढुङ्गाना

धुवाँहरू त अतृप्त आत्माहरू हुन्
अनन्तमा विलय हुन नसकेका,
सक्षम त छन् ती
रसिक आँखाहरूमा
सहानुभूतिका जल भर्न
मोहको यो संसारमा ।

तर धुवाँहरू आफैले बुझेनन्
अतृप्त जलनले जन्माएका आफ्ना अस्तित्व
आफ्ना अधुरापन ।
वितरागले सुस्ताएकाहरू
आशक्तिले बहुलाएकाहरू
कुहिरोका कागजस्ता
धुवाँहरू ।

होइनन् यी
जीवनका गुरूत्वले बाँधिएर
स्वच्छन्द विचरण गर्ने
प्राण भरिदिने वायुजस्ता,
यी त
उचाइ नाप्न खोज्दाखोज्दै
धुजाधुजा परेर झर्ने
जिजीविषाका छातीमा निश्वास रोक्ने
निमुखाका सपना जस्ता हुन् ।

यी धुवाँहरू त
यो धर्ती, जल, अग्नि, वायु र आकाशमा
सङ्घर्षले अन्ततः प्रकाशमा
समाहित हुन खोज्दै गर्दा
आशक्तिद्वारा भ्रमित प्रेममा
वा लोभको अँगालोमा

वा तिरस्कारको अँजुलीमा
वा परित्याजित अनुभूत जिन्दगीमा
निसास्सिलो वायुमा जल्दै गर्दा
असीमित अतृप्तिले घेरिए जस्ता
अनन्तमा विलीन हुन नपाएका
अतृप्त आत्माहरू हुन् ।

पराजयको व्यथाले प्रताडित हृदय
एक धुवाँ,
विजयको उन्मादले आल्हादित हृदय
एक धुवाँ,
आशाको धूमिल त्यान्द्रोले पुलकित हृदय
एक धुवाँ !

यो जिन्दगी एक जलन
र अपुर्ण जलनको धुवाँ,
यो जिन्दगी एक पीडा
र असंतृप्त पीडनको धुवाँ,
परित्यक्तको भ्रम पालेका विरक्त
वा महाराजको दम्भ पालेका उन्मादी
धुवाँ !
आँखामा धुवाँ, राग जिन्दगी
फोक्सोमा धुवाँ, निश्वास जिन्दगी
रगतमा धुवाँ, नशा जिन्दगी
जिन्दगी स्वयं एक धुवाँ ।
र परिवेश,
धुवैँधुवाँहरूको बन्दी !

धुवाँको यो घोलमा भेट्नु छ
म चेतनको एक प्रकाश
त्यो दिग्भ्रमित
धुवाँको प्रारब्ध चिनाउने,
म सङ्घर्षको प्रचण्ड राप
त्यो अधमरो धुवाँको
प्राणलाई मुक्ति दिलाउने

(yourshrawan@gmail.com)

कविता

# तिमी फूल हौ मेरो मनको

उद्धव न्यौपाने
(चारदोबाटो, भक्तपुर)

तिमी फूल हौ
मेरो मनको,
तिमी रूप हौ
मेरो सपनीको ।

कति छिट्टै, सटुक्कै,
फुल्यौ यो मनमा ।
कति सौम्य, प्रशान्त,
देखियौ यौवनमा ।

तर लुक्नै सकेन
सौन्दर्य त्यो,
पोखियो यो मनभरि
र
उर्लियो सीमा तोडेर ।

तिमी शान्त, सौम्य भएरै
मलाई उछाल बनायौ,
कोसौँ टाढा रहेरै
मेरो निदरीमा आयौ !

तिमी फूल हौ
मेरो मनको,
तिमी रूप हौ
मेरो सपनीको ।

केवल एक पल
रोकिएर हेर ।
केवल एक पल
फर्किएर हेर -

भुतुक्कै भएर लाजले
रक्तिम हुने छु
म,
सायद जुनी जुनी ।

सायद
म चाहन्छु–
मनभरि यही फूल,
आँखाभरि यही सपना ।

र
म चाहन्छु–
तिम्रो लाजले रक्तिम भएर
बाँच्न जुनी जुनी ।

(uddaveco@gmail.com)

गजल

# गजल



रमेश प्रभात
(चितवन)

सकिएन फूलैफूलको हार चढाउन,
मन्दिरमा फूलको सट्टा झार चढाउन ।

डराएरै काटेको हुँ वर्षौंवर्ष मैले,
जान्दिनँ म खुकुरीमा धार चढाउन ।

हिजोआज जति बेला थाके जस्तो लाग्छ,
गाह्रो हुन्छ शिरमाथि भार चढाउन ।

साइकलमै बित्यो मेरो सिङ्गो जिन्दगानी,
कहाँ सक्छु तिमीलाई कार चढाउन ?

जति दुस्मन बने पनि आफ्ना छोराछोरी,
सक्दिनँ भो घरभित्र बार चढाउन ।

(rameshprabhat29@gmail.com)

# मुकुन्दे अब तँ गीत गा



मधुर भट्टराई
(बर्दिबास १४, महोत्तरी)

कति हिँड्छस् आफ्नै आयुको चप्पल
जिन्दगीको पैतालामुनि लतारेर
कति बटार्छस् आफ्नै मुटु
निचोरे जस्तो मुट्ठी
हेर त तेरो कन्सिरीको डिलमा
काँस फुलिसकेछ उमेर
भैगो छाडिदे अरू कुरा
मुकुन्दे अब तँ गीत गा ।

इतिहासका गल्ली डुलेर नहेर
भो इमानको दुर्गन्धित रछ्यान
यहाँ पर्दाभित्र कट्कटिएको दाग लाग्नेहरू
उज्यालोमा सेतो कमिज लगाउँछन्
श्रम गर्ने हातहरूले पसिना हैन
रगतको खोलो बगाउँछ
त्यही खोलामा नुहाउनेहरू
अर्कैको सपनाको ढिस्कोमाथि उक्लेर
कुराको चिप्लेटी खेल्छन्
लगाउन थाल्यो भने हाम्रो श्यामश्वेत दिमाग
घुम्छ चक्रजस्तै टाउको फनफनी
त्यसैले बाँकी राखेर यावत् कुराहरू
मुकुन्दे अब तँ गीत गा ।

गीत गाउनु भनेको
अग्घोर निराशा या उत्कट उमङ्गको
किनारैकिनार हिँड्नु हो
हिँड्दाहिँड्दै पुगिन्छ जिन्दगीको अन्तिम गहिराइ
त्यहीँबाट झुल्किन्छ यथार्थको उज्यालो घाम
दुई धारमा बाँच्नेहरू न दिन हुन सक्छन् न रात
साँझको भ्रममा बाँच्दाबाँच्दै
रङ उडिजाने पानाका अक्षर हुन्छन्

यस्तै गल्तीको चङ्गुलबाट मुक्त हुन छ
त्यसैले मुकुन्दे अब तँ गीत गा ।

पुर्खाले गरेका कर्मलाई
गल्तीको तराजूमा जोखेर
बेच्नु हुन्न पूर्वजको इतिहास
पुर्खाले खनेको बाटो हिँडेर
गर्नु हुन्न बाटोकै सत्तोसराप
लान्छनाका साङ्लाले बेरेर
बनाउनु हुन्न आफैलाइ कैदी
विरोधाभाषको सितनसँगै
खान हुन्न कसैको आँसुको रक्सी
इमानको जिन्दगी बाँच्नु र
खुकुरीको दापभित्र सुरक्षित रहनु उस्तै हो
यो सप्पै बुझेर पनि
किन आगो झोसिरहन्छस् आफ्नै रगतमा
यावत् कुरा थन्क्याएर उपेक्षाको सिकुवामा
मुकुन्दे अब तँ गीत गा ।

सुन्नु र देख्नु नै भयङ्कर भूल हुन् हिजोआज
बरु आस्थाको मन्दिरमा
स्थापना गरेर तीन बुद्धिमान् बाँदर
हरेक कर्म र दुर्घटनालाई
करार गरेर भाग्यको खेल
गाइरहनू मुकुन्दे गाइरहनू
दुःख र सुखको एउटै सुर भएको गीत
किनकि दुःखको पासोमा अल्झाउन खोज्नेहरू
र सुखको जूनेली किरणमा जबरजस्ती डामिनेहरू
आर्तनाद गर्दै खियाइरहन्छन् आफ्नै जिन्दगी
हिँड्ने गर्छन्
भ्रमको कुहिरोभित्र भुलेर आफ्नै बाटो
र यो दुर्घटनाबाट बाँच्नलाई भए पनि
मुकुन्दे अब तँ गीत गा ।

(madhurbhattarai32@gmail.com)

अनुवाद कविता

# शब्द पनि के चिज हो र !!!



समीर उपाध्याय
(मनहर पार्क ९६ ए, चोटिला ३६३५२०, जिल्ला सुरेन्द्रनगर, गुजरात, भारत)

शब्द पनि के चिज हो र !

सुवासिए माया
बहकिए घृणा !

सुवासिए खुसी
बहकिए पीडा !

सुवासिए सुगन्ध
बहकिए दुर्गन्ध !

सुवासिए मल्हम
बहकिए घाउ !

सुवासिए कोकिल
बहकिए काग !

सुवासिए अमृत
बहकिए विष !

सुवासिए अनुराग
बहकिए विराग !

सुवासिए बाँसुरी
बहकिए रणभेरी !

सुवासिए निर्माण
बहकिए विनिर्माण !

सुवासिए मन्द समीर
बहकिएर हुरीबतास !

(हिन्दीबाट अनुवाद : धीरकुमार श्रेष्ठ)

९२६५७१७३९८
(s.l.upadhyay1975@gmail.com)

कथा

# छाङ्ग्रा



टङ्कबहादुर आलेमगर
(त्रियुगा ११, सङ्गमटोल, उदयपुर)

छोरी माग्न भेनाजुले गम्छामा झुन्ड्याएर ल्याएको एक कठुवा रक्सी समातिसकेपछि सालाले भन्यो 'दिदी तपाईंकै घरधुरी, छोरी पनि पुतली बन्न पुग्ने भई । हाम्रो सम्बन्ध झनै हिमाल बन्ने भयो । बधाई भेनाजु ।'

जुँगामा लागेको जाँडको छोक्रा पुछ्दै भेनाजुले भने, 'जय ससुरालीज्यू ! यो हाम्रो अहोभाग्य हो, लिसारजस्ती भदैनीलाई मेरो घरकी बुहारी पाउनु । हाम्रो मगरमा मामाकी छोरी हक लाग्ने भन्छन् । मेरो छोरोलाई त्यो हक कायम गराइदिनुभएकोमा हार्दिक आभार ।'

'त्यो त हो भेनाजु तर भोलि मेरी छोरीको कारण मेरो भेनाजु र दिदी अनि म र मेरी श्रीमती एकापस्को हान्ने गोरु नबनौँ है । चेलीमाइतीको छुटनाम नहोस् । तपाईं र तपाईंको छोरोको ससुराली आँखाको अमिलो नबनोस् । भदैनीका कारण फुपू हेला नहोस् । फुपूले गर्दा भदैनीले दुःख नपाओस् । चेलीबेटीको हक दिलाउन भेना र भान्जासँग पाखुरा सुर्किने दिन आउनु हुन्न नि । रोटी चिल्लो मिठो, कुरो खस्रो मिठो ।'

मुखको खैनी आँगनतिर फ्याँक्दै भेनाले भने, 'सालाजु तपाईं ढुक्क हुनुहोस्, अब फुपूभदैनी एउटै लयोले हाँस्ने छन् । माघेसकराटीमा एकै तालमा एकै हारमा नाच्ने छन् हुर्रा ।'

'विश्वास हुनाले त आमाजूदाजुको कुरा काट्न नसकेर माग्न लाहुरे आउने कुरा सुन्दासुन्दै हजुरहरूलाई नै सोम्पियौँ छोरी ।' लिसारकी आमाले अलिक अप्ठ्यारो मान्दै भनिन् ।

'तपाईंको भान्जा पनि लहुरेभन्दा कम छैन । अहिले पार्टीको खिचलोले डर छ, नत्र गाउँपालिकाको अध्यक्ष चानचुने कहाँ हो र !' छाती फुकाउँदै भेनाजुले भने, 'अँ साला र बहिनी छोरीको छाङ्ग्रा खाने कि नखाने ?'

सालाले अकासमाथि घुमिरहेका गौथली हेर्दै भन्यो, 'बाजेले फुपूको खानुभयो, दिदीको बुबाले खानुभयो, म किन नखाने ? फेरि यो घरको उज्यालो तपाईंकोमा सरुवा हुँदै छ । मेरो दाहिने हात चुँडालेर दिँदै छु । ठेकठाकको बही, कहिले कपाली तमसुक, सापटी टिप्पणी, फोन गर्न पर्दा नम्बर हेर्दिने, नयाँ नम्बर राखिदिने, रातबिरात आउने पाहुनालाई नझर्की खाना बनाएर खुवाउने, पर्म जाने, दोकान जाने अनि यस्ती छोरीको छाङ्ग्रा नखाई हुन्छ त ? एक मुरी टुप्पा काटेको चामल, एक मुरीको सुँगुर, पन्द्रह कोरी सेलरोटी, एक घ्याम्पा मिठो रक्सी । बिहेको अघिल्लो दिन आइपुग्नुपर्छ । यति त खाने नै हो, जसले जे जे भनुन् । अनि गहनामा काँढे चुरा, कल्ली ढुङ्ग्रीमुन्द्री, दोकाधे कम्पनी हारी ल्याउनै पर्छ । अन्य तपाईंको विचार ।'

'हुन्छ ससुरालीजु दिन ढल्क्यो म गएँ है । अझै केही कुरोको चुरो त बाँकी छैन होला ।'

'छैन भेनाजु ।'

भेनाले घुम्ती काट्नेबित्तिकै दहिलोको चेपमा लेप्सेर बुबाआमा र फुपाजुका कुरा सुनिरहेकी लिसार हुर्रिएर आई र बुबालाई भनी, 'यो युगमा पनि छोरीको छाङ्ग्रा खाने ? कति मान्छे

छोरी पुग्ने घरको पानीसम्म खाँदैनन् । कतिले छोरा र छोरीलाई बराबरी अंश दिएका छन् । तपाईंचाहिँ मेरो छाङ्ग्रा खाने ? फुपूफुपाजुलाई ऋणमा पार्नु मलाई पार्नु हो।'
लिसार रुन्नु थाल्छे ।
'छोरी, मैले छाङ्ग्रा खा'को होइन । हाम्रो संस्कृति बचा'को हो । अन्य दिने कुरो दिन्छु, बिहेमा होइन । छोरीको बिहेमा दाइजो दिनुपर्छ भन्ने संस्कारको जग गाड्न चाहदिनँ । यथासक्य दिने जसरी उहिलेदेखि चलेको रितअनुसार म दिन्छु नै । कस्को आमाबाउ होलान् छोरीलाई नदिऊँ भन्ने । छाङ्ग्रा ल्याउने कुरोमा दिदीभेनाले जान्नुभा'कै होला 'सर्प पनि भाग्ने, लौरो पनि नभाँचिने' भनाइ ।'
लिसार खुसी हुँदै घरमाथिको बर्खेगोठतिर जान्छे र कान्छी फुपू, भावी सासूलाई फोन गर्छे मरीमरी हाँस्दै ।
बिहेको अघिल्लो दिन भेनाजु आइपुग्नुभयो छाङ्ग्रा लिएर ।
बिहानै लिपेको आँगनमा बसेर गाउँलेसँग सरसल्लाह गर्दै बसेको साला पनि खुसी भयो भेनाजुसँगै पाँच जना सोली बोकेका खाइलाग्दा युवाहरूलाई देख्दा ।
पहिले सालाले भेनाको खुट्टामा ढोग्दै भन्यो, 'हइन, मान्छे त थुप्रै लिएर आउनुभो त भेनाजु ?'
'हइन, छाङ्ग्रा पनि धेरै हुनाले सालाजु ।'
'ए ए लु बसौँ ।' पहिले नै ओछ्याइराखेको गुन्द्रीमाथि राडी ओछ्याएको ठाउँतिर इसारा गऱ्यो सालाले ।
अगाडि पाँचओटा सोली छ जाली बर्कोले छोपेको ।
'लौ साला, सालाबहिनी र उपस्थित गाउँले मान्यगन्य मानुभावहरू सबैलाई झोरा !' नमस्कार गर्दै भेनाले भन्नुभयो, 'हामी मगरको रितअनुसार छाङ्ग्रा लिएर आएका छौँ । र, हजुरहरूका अगाडि छाङ्ग्रा बुझाइरहेको छु । कमीकमजोरी केही रहेछ भने सालालगायत यो जमघटले माफी दिनुहोला ।' एउटा सोलीबाट एक कठुवा रक्सी र एक बहता सेलरोटी, एक बहता केरा राख्दै भन्नुभो, 'यो कोसेली ।' अर्को सोलीबाट एक दुना चामल झिकेर सालाको अगाडि राख्दै, 'यो एक मुरी चामल, चित्रे पाथीले भरेको तामे पाथीले भरेर लिनुहोला ।' धागोले बाँधेको एक कोसा झपरी केरालाई भुइँमा राख्दै, 'अन्दाजी एकाइस धार्नीको सुँगुर काटेर तुलै लगाउनुहोला । कम भए थप्ने छु ।' एक बहता सिन्काले खिलेर पातैले छोपेको रोटी राख्दै, 'पन्द्रह कोरी रोटी छ, विश्वास नलागे गन्नुहोला ।' अर्को सोलीबाट एक कठुवा रक्सी झिकेर राख्दै, 'यो एक घ्याम्पो तीनपाने आगो बल्ने रक्सी । तपसिलबोमजिम समानहरू सदर छन् । बदर ठहरिए पुनः छाङ्ग्रा भरिभराउ गर्ने प्रतिज्ञा समेत गर्छु ।'
'तपसिलबामजिमका समानहरू छाङ्ग्राका रूपमा दुरूस्त छन् गाउँलेको साक्षीरोहोबरमा बुझिलिएको सही र सत्य हो ।' भन्दै सालाले श्रीमतीलाई बोलायो, 'ए लिसाराकी आमा ! लु यो छाङ्ग्रा लगेर यत्नसाथ राख्नू । भरै माइती माउली बोलाएर खुवाउनुपर्छ ।'
यति भनिसक्दा ताली बजाएर उपस्थित, सबै जना उन्मुक्त भएर हाँसे ।
फेरि भेनाजुलाई नमस्ते गर्दै सालाले भन्यो, 'भेनाजु तपाईंको छाङ्ग्राले प्रफुल्ल भयौँ हामी माइतीगामले । यति समसामयिक र प्रेरक छाङ्ग्रा बुझाउने बुद्धि तपाई आफ्नै हो या कसैको हो ?'
भेनाजु हाँस्दै भने, 'तपाईंकी छोरी मेरी बुहारी लिसारको हो सालाजु ।' अँगाले सालालाई । साला पनि खुसी भयो, लिसार छोरीको चतुऱ्याइँप्रति ।

लामै मनोरञ्जनमय समयपश्चात् सालाले सबैलाई मेझोर (नमस्कार) गर्दै भन्यो, 'छोरीको छाङ्ग्रा खाएर आफ्नो परम्परा जोगाउँदै आउनुहुने महान् मगरहरूसँग माफी माग्दै भन्न चाहान्छु, 'हाम्रो महान् संस्कारलाई हेला गरेको होइन । हाँसो बनाएर खिल्ली उडाउन खोजिएको पनि होइन । बिस्तारै हाम्रो छाङ्ग्रा परम्परा लोप हुँदै गएको हुनाले, हामीले कम खर्चालु संस्कारसंस्कृति बनाएर हाम्रो मौलिक परम्परालाई जिउँदो राखौँ भन्नको खातिर गरिएको हो । यस कार्यलाई अनर्थ नबुझी दिनुहोला । अब हामीले मितव्ययी संस्कृतिको अवलम्बन गर्ने भन्न खोजिएको हो ।'

फेरि सालाले भेनाजुतिर हेर्दै भन्यो, 'पहिल्यै माफी मागौँ भेनाजु । बिहेको कुरो छिन्ने दिन बेहुलासँगै जन्तीसमेतले अनिवार्य मगर भेष लगाउनुपर्ने छ । त्यो गैरमगर जन्तीमा लागु हुने छैन । बेहुलीको लागि पनि मगर पहिरन नै ल्याउनुहोला ।'

भेनाजुले मुस्कुराउदै भने, 'हाम्रो मौलिक संस्कारका प्रिय सालाजुलाई ध्यानमा राख्दै मैले सबै जोगाड गरिसकेको छु । बरु हाम्रो स्वागत हाम्रै परम्पराले होला नि ?'

'हजुर निश्चिन्त हुनुहोस् भेनाजु, स्वागत मगरमय हुने छ ।' सालाले हात जोड्दै भन्यो ।

सबैले खुसीमय बन्दै फेरि ताली पड्काए ।

सबैभन्दा खुसी त भोलिकी बेहुली लिसार मगर थिइन्, त्यस हुलमा ।

(tankagaighat@gmail.com)

लघुकथा

# फर्सीको झाल



प्रा.डा. कपिल लामिछाने

'यो फर्सी पनि यही बिचमा उम्रनुपर्ने ।' चारले दिक्दारी प्रकट गऱ्यो ।

चार एक सरकारी आवासगृहमा बस्थ्यो । नौदस एकाइ आवासगृह जोडेर लहरै बनाइएका थिए । हरेक आवासका सामुन्ने थोरै करेसाबारी गरी खान छाडिएको थियो । एक अर्को आवासका बिचमा पर्खाल र बारबेर थिएन ।

एकाइ तीन र चारको ठ्याक्क बिचमा एउटा फर्सीको बिरुवा उम्रियो । तीन र चारलाई थाहा छ, त्यो आफूले लगाएको होइन तर त्यो झ्याँङ्गिएर फल्यो भने बिसबाइस कैँडा अवश्य लाग्ने छन् ।

चार सिकुवामा उभियो । उसले निन्याएर हेऱ्यो । बिरुवा बिचमै छ ।

प्रचण्ड गर्मीको समय थियो । उखेलेर आफूतर्फ सार्ने हो भने मर्ने सम्भावना थियो । चारले धेरै सोच्यो र मुन्टो आफूतर्फ पारेर डाँठलाई माटाले छोपिदियो ।

भोलिपल्ट तीन जब सिकुवामा निस्क्यो, सीमामा रहेको फर्सीको मुन्टो चारतर्फ पुगेको देखेर चकित भयो । उसले निन्याएर हेऱ्यो । झालनेर गयो । छोपुवा माटो खोस्रेर फाल्यो र मुन्टो आफूतर्फ पारेर डाँठलाई माटोले छोपिदियो ।

यस्तो क्रम चलिरह्यो । यसले गर्दा फर्सी राम्रोसँग झ्याँङ्गिन र फल्न पाएन ।

(kapillamichhane58@yahoo.com)

लघुकथा

# प्रयास



इन्द्रकुमार श्रेष्ठ 'सरित्'

ठ्याक्कै चार दिन भइसक्यो सन्तोष इन्तु न चिन्तु भएर लडेको । चार दिनदेखि उसले पानीबाहेक केही खाएको छैन । दश वर्षीय छोराको यस्तो अवस्थाले यशोदाको आँखा ओभानो छैन । धामीझाँक्री सबैलाई देखाइसकिन् तर बेथा बिसेक भएन ।
लोग्नेलाई दसौँपटक हारगुहार गरिन् यशोदाले तर बिरामी छोरोको अवस्था देखेन पनि नरबहादुरको मन पग्लिएन पनि बरु ऊ रक्सीको नशामा झुमिरह्यो । दश घर चहारेर यशोदाले कुखुराको खोर रित्याएर पैसा जम्मा पार्दा झमक्क साँझ परिसकेको थयो । कोही साथी नभेटेपछि बिरामी छोरोलाई पिठ्युँमा बोकेर ऊ धरानतर्फ लागी । पछि पछि छोरी सम्झना थिई ।
दुई घण्टाजतिको हिँडाइपछि भानुचोक, धरानमा पुगेर यशोदाले रिक्सावालालाई बिन्ती बिसाएर सर्वेश्वर श्री अस्पतालतर्फ लागिन् । रिक्सामा बसे पनि उनको शरीर पसिनाले लफ्रक्क भिजेको थियो । अस्पताल पुग्दा अर्धबेहोसीको अवस्थमा रहेको छोरोलाई बोकेर कहिले यता कहिले उता दौडिँदा दौडिँदा बल्ल डाक्टर भेटियो ।
डाक्टर नर्सले उनलाई बाहिरै बस्न भने । घण्टौँ बित्यो । छोरोलाई कस्तो छ भनेर उनले पटक पटक सोधिन् तर जबाफ पाइनन् । नर्स निस्किएको बेलामा यशोदाले दौडिँदै गएर सोधिन्, 'नानी, मेरो छोरोलाई कस्तो छ ? ऊ ठिक त हुन्छ नि ?'
'तपाईं किचकिच गर्नुहुँदो रहेछ । के भा'छ भनी अहिले डाक्टरले भन्नुहुन्छ क्या । चेकअप हुँदै छ ।'
नर्स गएतिर यशोदाले एकटक हेरेको देखेर छोरीका आँखा पनि टिलपिल भए ।
डाक्टर आएको देखेर अश्रुपुरित नजरले हेरिन् यशोदाले ।
'दिदी हामी प्रयास गर्दै छौँ ।' डाक्टरको भनाइ सुनेर यशोदाका दुई हात विनीत मुद्रामा उठे ।

(shresthaindra96@gmail.com)

गजल

# गजल



लीलाराज दाहाल

निराशाको झरी विछोडको हुरी
सहँदै छु अझै तिमीलाई कुरी ।

तिमीलाई सर्वोपरि ठानेकाले
देखायौ आज नि फेरि चुरीफुरी ।

पिरतीको डोरी खुकुलो भयो कि !
यो मनदेखि त्यो मन बढ्यो आज दुरी ।

खेलिँदै छ खेल यो धोकाको अझै नि !
कलेजीमा प्यारको रोपिँदै छ छुरी ।

# स्वभाव

जीवन दाहाल
मैतिदेवी, काठमाडौँ ।

लकडाउनले घरमा बसेको धेरै दिन भएका थियो । ग्याल्जेलाई लिएर घरैअघिको पार्कमा टहलिँदै थिएँ । पार्कमा पुगेको केही क्षणमै ग्याल्जे कुनै सङ्केत नै नदिई अचानक हरायो । मनमा खुल्दुली पैदा भयो, कहाँ गयो होला भनेर । डर पनि लाग्यो । पार्कका झाडीमा कहिलेकाहीँ चितुवा देखिन्छ भन्ने सुनेको थिएँ । ग्याल्जे पनि कतै चितुवाको फेला त परेन ? करिब चार वर्षअघिको स्मृति ताजा भएर आयो–

यसै पार्कको कुनामा मृत आमाको दुध चुसिरहेका थिए चारपाँचओटा छाउराहरू तर अरूको सट्टामा एउटा छाउरोचाहिँ साह्रै मक्लक्क परेको र देख्नैमा खेलाऊँ– खेलाऊँ परेको थियो । तिनै मध्येको एउटा थियो मेरो ग्याल्जे जसलाई मैले घरमा ल्याएर नातिनातिनाको तिर्सना मेटिने गरी हेरचाह गरेको थिएँ । आवश्यकताअनुसारको शिक्षा अर्थात् ट्रेनिङ दिएर मेरा लागि योग्य र आज्ञाकारीसमेत बनाएको थिएँ ।

पर परसम्म उसलाई नदेखेपछि खोज्दै पार्कको पल्लो कुनामा पुगेको मात्र के थिएँ नजिकैको झाडीबाट ऊ फुत्त निस्कियो सुकेका पत्कर सोर्त्याङ्ग पार्दै; अझ साथमा एउटी छाउरी समेत लिएर ।

चितुवाको कल्पनाले एकपटक त मन चिसो भयो आफ्नै प्राणमोहले तर ग्याल्जेलाई देख्नासाथ फुरुङ्ग भयो । सन्तानले अमेरिकाको भिसा पाउनासाथ छोडेर हिँडेपछिको मेरो एक मात्र साथीलाई थियो ऊ । उसलाई जिउँदै पाएर खुसी भएँ ।

उसलाई हकार्दै सोधेँ, 'कहाँ मुन्टिएको थिस् ए ! पाजी ?'

'पार्कको कुनाबाट हरहर बास्ना आयो । मन थाम्न नसकेर के र'छ भनेर हेर्न ग'को त मान्छेको दिसा पो र'छ ।' उसले पुलकित हुँदै भन्यो र थप्यो, 'अनि उसले र मैले मिलेर ... ।'

अनि मैले 'जात्या च सदृशाः सर्वे कुलेन सदृशास्तथा' अर्थात् मान्छेले आफू जन्मिएको जाति र कुलअनुसारको संस्कार/स्वाभाव लिएर जन्मन्छ । भन्ने महाभारत (शान्ति पर्व १०७/३०) को वाक्य सम्झिएँ ।

(jiwandahal22@gmail.com)

## सर्जकहरूमा विशेष अनुरोध

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा प्रकाशनका लागि नदिइएका र प्रकाशित नभएका प्रकाशनयोग्य रचना सम्पादनको अधिकारसहित 'शब्दाङ्कुर'मा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**– शब्दाङ्कुर परिवार**

लघुकथा

# सपोर्ट डकुमेन्ट



हरि आत्रेय

घरमा बिजुली जडान गर्न भनी गुरूप्रसाद अड्डा गए । फाँटवालाले फायल पल्टाउँदै कागजात पूरा गरेर ल्याउन भने । गुरूप्रसादले कागजात पूरा गरेर फायल लगे । फाँटवालाले म हेर्छु पर्सि आउनू भने । दुई दिन होटलमा बसेपछि पर्सिपल्ट लुरूलुरु फाँटमा पुगे । फायल पल्टाउँदै दस्तखत र ल्याप्चे छुटेको भने । उनले दस्तखत र ल्याप्चे लाए । फायल शाखामा पुग्यो । शाखाले खै वडाको सिफारिस ? गरेर ल्याउनू भने । गुरूप्रसाद दुई दिन हिँडेर वडाको सिफारिस ल्याए । शाखाले फायल खोज्न सहयोगीलाई अरायो । फायल फेला परेन । गुरूप्रसादले भने, 'जुटको डोरीले बाँधेको छ सर । मेरो नाम पनि लेखेको छ ।'

सहयोगीले खोजे जस्तो गरे । फायल फेला परेन । शाखावालाले यतिका धेरै फायल छन् कहाँ मिसियो होला ? तपाईंले पनि हेर्नुहोस् त भन्यो । गुरूप्रसादले पनि खोजे तर फायल फेला पारेनन् । उनी असिनपसिन भए । खुइय ! लामो सास फेरे ।

'ल फेरि अर्को फायल बनाएर ल्याउनू ।' शाखावालाले आदेश दिए । निराश भएर गुरूप्रसादले पुनः फायल खडा गरेर लगे । उही कहानी दोहोरियो । बिजुली बत्ती बाल्नु थियो । यसैले उनी लुरूलुरु आज्ञाकारी भए ।

'सर, सात दिन भयो । मेरो काम गरिदिनुपर्‍यो ।'

'हुन्छ । ल ल, यी यी सपोर्ट डकुमेन्ट राख्नुहोस् ।' गुरूप्रसादले पुनः डकुमेन्ट खोजी गरे तर सम्भव भएन । उनी दिक्दार भए ।

एक दिन होटलवालाले सोध्यो, 'के भएको हो तपाईंको ? धेरै दिन भयो यतै हुनुहुन्छ !'

'खै ! सधैँ सपोर्ट डकुमेन्ट पुगेन मात्र भन्छन् ।'

'ए, यसरी राखिदिनुस् न सपोर्ट डकुमेन्ट ।'

गुरूप्रसादले होटलवालाले भने जसरी सपोर्ट डकुमेन्ट राखेर फायल पेस गरे ।

'हजुर, सबै डकुमेन्ट तयार भयो ।' जहाँ जहाँ मिलेको छैन भने त्यहीँ त्यहीँ उनले हात्तीको सपोर्ट डकुमेन्ट राखिदिए ।

'ल, ल तपाईं बाहिर बस्नुहोस् काम हुन्छ ।' शाखावालाले भने ।

गुरूप्रसाद पत्र लिएर खुसी हुँदै घर फर्के । तीन दिनपछि उनको घरमा झलमल्ल बत्ती बल्यो ।

(haribktpoudel@gmail.com)




**धीरकुमार श्रेष्ठबाट लेखिएको नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेलको डिजिटल कपी निःशुल्क पढ्न चाहनुहुन्छ भने dhires@gmail.com मा इमेल गर्नुहुन अनुरोध गर्दछु ।**

नियात्रा

# ब्राजिलको ग्यासपानी



विनोद खड्का
(चाँगुनारायण १, दुवाकोट, भक्तपुर, हाल : दोहा, कतार)

डिसेम्बर २०१६ । साओपाओलो, ब्राजिल । फुटबलको जादुगर पेलेको देशमा पुगेको थिएँ म । पेलेको देशलाई साँझमा खोतल्नु थियो र पत्ता लगाउनु थियो त्यहाँका पोचुर्गिज विशेषताहरू । मन आँतुर थियो, बाहिर निक्लनका लागि तर हिमांशु अझै आइपुगेको थिएन उसको होटेलबाट । म उसकै प्रतीक्षामा थिएँ गएको एक घण्टादेखि अधैर्यसाथ ।

हामी दुई फरक होटेलमा बसेका थियौँ । म बसेको थिएँ साओपाओलोको हिल्टन होटेलमा । उसलाई प्रतीक्षा गरिरहँदा म बेला बेलामा होटेलको झ्यालबाट पर परको दृश्यहरू चाखिरहन्थेँ । ती निकै सुन्दर थिए । मेरो नजरको क्षितिजमा एउटा ठुलो नहर बगिरहेको थियो । त्यसकै किनारामा फराकिला सडकहरू लमतन्न सुतिरहेका थिए । तिनैमाथि दौडिरहेका थिए पातला सङ्ख्यामा सवारी साधनहरू ।

साँझको ८ बजेतिर ह्वाट्सएपमा सन्देश आयो । हिमांशुकै रहेछ । उसले ऊ तल लबीमा आइसकेको जानकारी पठाएको थियो । म पनि ढिला नगरी तल लबीतिर ओर्लिएँ ।

हामीहरू होटेलबाट बाहिर निक्लँदा साओपाओलोमा बिजुली बत्तीको झिलिमिली छाइसकेको थियो । हामी त्यहीँ होटेलपछाडिको एउटा सानो भित्री सडकबाट मुख्य सडकतिर लाग्यौँ । भित्री सडक सुनसान थियो । अनजान सहरमा भौतारिरहेका यात्रीलाई त्यस प्रकारको शून्यताले भय पैदा गर्नु अस्वाभाविक होइन तर पनि हामी दुईजना सँगसँगै भएकाले डराउनै पर्ने अवस्था थिएन ।

किनाराका रूखका फिँजारिएका हाँगाका खाली भागबाट सडकतिर चिहाइरहेका बिजुली बत्तीका उज्याला टुक्राहरूले भित्री सडकमा दोछाया पारिरहेका थिए । त्यसमाथि मन्द हावाका मन्द तालमा हल्लिरहेका हाँगाले सडकलाई पनि हल्लाइरहे झैँ देखिन्थ्यो । यसो हुँदा त्यहाँ कुनै रहस्यमय वस्तु चलायमान् भए झैँ भान हुन्थ्यो । दृश्य परिदृश्य जेजस्तो भए पनि डराउने त मनै रहेछ, डराएको अनुभूति छाड्ने त मस्तिष्क नै रहेछ । समग्रमा हाम्रा पाइलाका गति हाम्रै मनले जन्माएका भयसँग भरिएर अलि तेज भए ।

समर सुरु हुन लागेका कारणले ब्राजिलमा जाडो छैन भनेकी थिई ब्राजिलियन भुतपूर्व सहकर्मी टावानेले मेसेन्जरमा तर पनि त्यो साँझमा बाहिर निक्लँदा हल्का चिसो महसुस भइरहेको थियो । त्यसो त पातलो ज्याकेट साथमा थियो । चिसोसँग डराउनै पर्ने अवस्था थिएन । गएको महिना न्युयोर्क सहरमा बेस्सरी चिसो खाइयो । त्यो चिसो एक प्रकारले अनपेक्षित थियो । त्यसले यसरी अत्यायो कि भ्रमणमा जाने कुनै पनि सहरमा त्यस्तै चिसो हुन्छ कि भन्ने लाग्न थाल्यो । त्यसो त गुगल भाइले पनि मौसमका बारेमा बरोबर जानकारी दिन्छ नै । हामीहरू मुख्य सडकमा जोडियौँ । मुख्य सडकका छेउछाउमा साना साना घरहरू देखिए । मेरो आफ्नै भाषामा भन्नुपर्दा पोर्चुगिज स्टाइलका थिए ती घरहरू । अलि परपर गगनचुम्बी टावरहरू पनि देखिन्थे । ती साना घरमा देखिन्थे केही रेस्टुरेन्ट, बार, फास्टफुड आउटलेट र सुपर मार्केटहरू ।

फुटपाथमा पैदलयात्रीको उल्लेख्य सङ्ख्या देख्न सकिन्थ्यो । सायद कामबाट बासस्थानतिर फर्कंदै थिए होलान् ती पैदलयात्रीहरू । सडकमा सवारी साधनको पातलो उपस्थिति देखिन्थ्यो । बेला बेलामा देखिन्थे दुई बस जोडिए झैँ देखिने लामा बसहरू । ती थिए सार्वजनिक सवारी साधन जसले त्यहाँका जनताले पाएको सार्वजनिक सवारी साधनको सुविधाको अनुभूति गराउँथ्यो । यद्यपि सहरदेखि निकै टाढाको अन्तर्राष्ट्रिय विमानस्थल जानआउन ट्याक्सीको विकल्प रहेनछ । सहज मूल्यका सार्वजनिक सवारी साधनले सहर र एयरपोर्ट नजोड्ने रहेछ । कम्तीमा पनि हामी बास बस्ने होटेल क्षेत्र अर्थात् मोरुम्बीबाट एयरपोर्टतिर जान ट्याक्सीको विकल्प रहेनछ । ट्याक्सीको भाडा पनि १८६ रियास पर्ने रहेछ जुन अमेरिकी डलरमा हिसाब गर्दा ६५ डलर पर्न आउँदो रहेछ । अरू सार्वजनिक यातायातका साधन नभएको अवस्थामा झन्डै ३५ किलोमिटर दूरीको यो भाडा पक्कै महँगो हो ।

हामी अगाडि बढ्दै गयौँ । सडक छेउका बारहरूमा भिडभाड जमिसकेको देखिन्थ्यो । कुनै कुनै बारमा त भित्रको भिड फैलिएर फुटपाथसम्म ढाकेर पैदलयात्रीलाई असुविधा पुऱ्याइरहेको महसुस हुन्थ्यो । केटा र केटीको सङ्ख्या उस्तै उस्तै देखिन्थ्यो । शारिरिक बनोटका आधारमा हेर्दा ब्राजिलियन युवतीहरू राम्री हुन्छन् भन्ने सुनेको थिएँ । त्यहाँ थप प्रमाण मिल्यो । त्यसो त आधा प्रमाण आफू अवतरण भएको विमानस्थलको टर्मिनल बिल्डिङमै मिलिसकेको थियो । ब्राजिलियन युवतीहरू साँच्चै नै सुन्दरी रहेछन् ।

बारका अगाडि उभिएका हरेक युवायुवतीको हातमा एउटा एउटा बियर वा मदिरासहितको गिलास देखिन्थ्यो । उनीहरू समूह समूहमा विभाजित भएर आआफ्नै गफको दुनियाँमा हराइरहेका झैँ देखिन्थे । बारबाट निक्लिएको सङ्गीतको उत्ताउलो धुन फुटपाथभरि छरिएको थियो । त्यसै धुनसँग मिसिएर हल्लिरहेका थिए ती हातमा गिलास समातेर गफको दुनियाँमा हराइरहेका युवायुवतीहरू ।

लाग्थ्यो यो त्यो मान्छेको एउटा छुट्टै संसार हो जहाँ केवल खुसी नै खुसी हुन्छ । हरेक मानिस बिन्दास खुसीमा पौडिरहेको हुन्छ । साँच्चै उनीहरूको जीवन खुसी र रमाइलोले सिञ्चित छ वा त्यो त्यही साँझसम्म मात्रै सीमित हो, यसै भन्न सकिने अवस्था थिएन । ब्राजिल सम्पन्नको सूचीमा निकै तल छ भन्ने सुनेको हुँ । त्यसैले अत्यधिक जनसङ्ख्याले बारमा मदिरासहित सङ्गीतमा ताल भर्न सक्दैन । उसको आर्थिक हैसियतले त्यहाँसम्म पुऱ्याउँदैन ।

हरेकको आआफ्नै पीडा हुन्छ । होला, कोही दिउँसोभरिको कामको थकाइलाई मदिरासँगै विसर्जन गर्दै छ । अरू कोही साथीभाइसँगको भेटघाटको बहानामा बारमा बहार ल्याइरहेका । कोही त तिनका एकान्तपन बिर्सन पनि भिडमा मिसिएका होलान् । आफ्ना पीडालाई बारको मदिराको गिलासमा स्वाट्ठै पार्न खोज्नहरू पनि हुँदा हुन् । तर पनि सबै जना खुसीमा झुमे झैँ झुमिरहेका देखिन्थे ।

हामीहरू बारका भिडलाई पन्छाउँदै र साओपाओलोको त्यो स्थानको चिसोलाई चिर्दै अगाडि बढिरहेका थियौँ । भोकले लछारपछार पारिरहेको थियो । लामो हवाईयात्राबाट केही घण्टा अगाडि मात्रै साओपाओलो झरेका थियौँ । पेटमा ठोस चारो परेको थिएन । जहाजमा खाएकै खानेकुराका भरमा थियौँ हामी । वास्तवमा हामी एक प्रकारले खाना खोज्ने बहानामा होटेलबाट बाहिरिएका थियौँ । त्यही मौकामा साओपाओलोको साँझलाई स्पर्श गरौँ भन्ने सोच्यौँ । त्यस क्षेत्रमा हामीले जानेबुझेका खाना खाने ठाँउ मिल्ने सम्भावना बिल्कुलै थिएन । इन्टरनेटमा

सर्च गरेको हो तर केएफसी, म्याकडोनाल्ड, बर्गरकिङजस्ता फास्टफुड आउटलेटहरू नजिकमा थिएनन् । त्यसैले कुनै पनि रेस्टुरेन्टमा पसेर त्यहाँको मेनुमा दौडिनुको अर्को विकल्प थिएन । हामीहरू एउटा रेस्टुरामा फुत्त पस्यौँ । रेस्टुरा त ठुलो थियो तर ग्राहकको सङ्ख्या भने निकै पातलो । मानौँ रेस्टुराका ग्राहक सबै बारले उडाएर लगे जस्तो महसुस हुन्थ्यो । हाम्रो शरीर मेचमा ओर्लिन नपाउँदै अग्लो ब्राजिलियन बेयराले हामी बसेको टेबिलमा मेनु छाडर गयो । मेनुमा निकै बेर दौडिएपछि केही खाना भेटिए हामीले बुझ्न सक्ने । तिनै खाना अर्डर गरियो ।

धेरै समय लागेन खाना आउन । हामीले खायौँ तर नाम भने सम्झन सकेनौँ । सायद ब्राजिलियन नाम थियो होला । यद्यपि खाएको कुरो थियो, कुखुराको मासुको चोक्टा, एक ढिक्का भात र भुटेको आलु । हिमांशुको अर्डर थियो, भेजेटेबल पिज्जा । त्यसको बयान गरेर साध्य थिएन, पिज्जाको नाममा नपिज्जा अर्थात् कलङ्क । उसले एक टुक्रा मात्रै खाएर बाँकी छाडिदियो ।

मूल्यका हिसाबले हेर्दा हामीले खाएको खाना पक्कै पनि महँगो थियो तर पूर्ण सन्तुष्टि भएन । जलस्रोतको धनी देशमा पुगेको मैले जिन्दगीमा पहिलोपटक सबैभन्दा महँगो पानी त्यही रेस्टुरामा पिएँ । त्यहीँ फ्रिजको चिसो होइन बाहिरको नर्मल पानी तीन सय एमएल लिएर आऊ भनेर बेयरालाई बुझाउन नसक्नुको पीडा छुट्टै थियो । ऊ अङ्ग्रेजी नबुझ्ने हामी पोर्चुगिज बोल्न नजान्ने ! अपठ्यारा पनि कस्ता कस्ता आइलाग्छन् यात्राको संसारमा ! पानी पिइयो तर तिर्खा पिउन सकिएन । पटक्कै धित मरेन । जलस्रोतको धनी देशमा पानी किन त्यति महँगो भएको होला भनेर मनमनै सोचेँ । सोचेँ, जलस्रोतको धनी देश भए पनि ब्राजिलका जनता पनि नेपालमा जस्तै मेलम्चीको प्रतीक्षामा होलान् ! जुन मेलम्ची सधैँ दसैँमा आउँछ भनिन्छ तर मेलम्ची आउने दसैँ कहिल्यै आउँदैन । आउने सङ्केत पनि देखिँदैन । खाना खाने कार्यक्रम सकिएपछि होटेल फर्केर हिजोदेखिको थकाइ बिसाउनु थियो । त्यसैले ढिला नगरी रेस्टुराबाट निक्लियौँ । पानीको तिर्खा मेटिएको थिएन । बोतलको एक लिटर पानी मज्जासँग पिऊँ झैँ भइरहेको थियो । सहरको हल्का नजारा भइहाल्यो । जेजस्तो भए पनि पेटपूजा गरियो । नजिकैको सुपर मार्केटमा छिरी पानी किनेर आआफ्नो होटेल फर्कने सोचका साथ यताउता घुम्न थाल्यौँ । घुम्दाघुम्दै एउटा हाम्रो नजरमा सुपर मार्केट पर्‍यो । हामी फटाफट त्यतै लाग्यौँ तर दुर्भाग्य, त्यो सुपर मार्केटको बन्द हुने समय भइसकेको रहेछ । यद्यपि सिसाको बारबाट भित्र हेर्दा सुपर मार्केटभित्र अझै केही कर्मचारी भएको देखियो । हामीलाई बाहिर देखेर एउटा कर्मचारीले हामीतिर ध्यान दियो । हामीले वाटर वाटर भन्दै बाहिरबाट पानी चाहिएको सङ्केत गर्‍यौँ । उसले छेवैको सानो सटरलाई माथितिर उचाली हामीलाई भित्र प्रवेश गर्ने अनुमति दियो ।

समयका हिसाबले सुपर मार्केट बन्द भइसकेको रहेछ । कर्मचारीहरू भित्र भएका ग्राहकका लागि मात्र अल्मलिएका रहेछन् । बाहिरबाट नयाँ ग्राहक पस्ने समय बन्द भए पनि विदेशी पाहुना भएका कारण हामीलाई प्रवेश गर्ने मौका दिएका रहेछन् ।

पानी भेटियो, सानाठुला सबै खाले बोतलका । पानीको लेबलमा लेखिएको थियो, ग्यास डट कम । हामीले त्यहाँका कर्मचारीलाई भन्यौँ कि हामीलाई ग्यास नभएको पानी चाहिएको छ । हाम्रा कुरा त्यहाँ भएका कसैले बुझेनन् । उनीहरूले आपसमा मुखामुख गरे तर हाम्रा माग बुझ्न सकेनन् । समस्या उही थियो भाषाको ।

हामी आफैले अर्थ लगायौँ कि यो ग्यास डट कम कम्पनीको नाम हो, ग्यासवाला पानी होइन । ग्यासवाला पानी होइन भन्ने अर्थमा मैले एक एक लिटरका दुई बोतल किनेँ, हिमांशु शेवालेले तीन बोतल किन्यो । सायद ऊ मभन्दा बढी तिर्खाएको थियो ।
सुपर मार्केटबाट निक्लिएर मुख्य सडकमा पुगिसकेपछि हामी आआफ्नो होटेलको बाटो लाग्यौँ । हामी एक किलोमिटरको दूरीभित्र फरक फरक होटेलमा बसेका थियौँ यसैले । तिर्खा त बेस्सरी लागिरहेको थियो । सोचेँ, किन सडकमै उभिएर पानी नपिउनु ? आखिर आफैले किनेर ल्याएको पानी त हो । ढिलोचाँडो आफैले पिउने नै हो । त्यसो होइन, होटेलको रुममै पुगेर पिउँला भनी पाइलाको गति बढाएँ । तिर्खालाई सम्झाएँ, केही समय रोकिन । होटेलको रुमभित्र प्रवेश गरेर ढोका बन्द गरेँ । लगत्तै पानी पिउन भनी बोतलको बिर्को के खोलेको थिएँ, फ्यास्स गऱ्यो । यसको अर्थ हुन्छ, ग्यासपानी हुने सम्भावना । जसै पिउन भनेर मुखमा के हालेको थिएँ जिब्राले तत्कालै पत्ता लगाइहाल्यो कि त्यो ग्यासपानी नै थियो । एक मुठी पानी मुखबाट पस्दा नाकबाट तीन मुठी ग्यास बाहिर निस्कियो ।
पानीको प्यास साँचेर रात कटाउने भइयो । कहिले बिहानी होला र पानी पिउँला भन्ने भयो । मानौँ म ब्राजिलमै मेलम्चीको प्रतीक्षामा थिएँ । हिमांशुको त्यही ग्यासपानीले अर्को जात्रा भएछ । भोलिपल्ट भन्थ्यो, ग्यासपानीको बोतल खोल्दा पानी ह्वात्तै बाहिर निक्लेर होटेलको भुइँभरि पोखियो । त्यसपछि बिचराले आफैले भुइँ सफा गरेछ ।
ब्राजिल पुगेको पर्सिपल्ट हामी मोरुम्बीको एउटा सपिङ मलभित्रको सुपर मार्केटमा पुनः पानी खोजिरहेका थियौँ । त्यहाँको पानीको बोतलमा भने सेमी ग्यास भनेर लेखिएको थियो तर पानीको अवस्था हेर्दा ग्यास नभएको नर्मल पानी नै हो कि झैँ देखिन्थ्यो । ग्यास वा सेमी ग्यास लेखिएदेखिबाहेकको अरू कुनै पानीको बोतल देखिएन पूरै सपिङ मलभरि । हामीले त्यहाँ पनि कर्मचारीको मद्दत लिने प्रयास गऱ्यौँ । भाषाको समस्याका कारण कसैले हाम्रो समस्याको समाधान गर्न सकेनन् । अङ्ग्रेजी बोल्ने चरोमुसो कोही भेटिएन । अन्ततः हामी आफैले सेमीको अर्थ नो अर्थात् नो ग्यास भन्ने अर्थ लगायौँ । तत्पश्चात् ठुला ठुला एउटा एउटा बोतल पानी लिएर फर्क्यौँ । त्यसपटक भने हामीले लगाएको अर्थ गलत रहेनछ । नर्मल मिनरल वाटर पिउन पायौँ । तीन दिनदेखिको प्यासलाई एकमुस्ठ पूरा गऱ्यौँ ।
त्यसो त यस्तै खाले घट्ना एकपटक पहिले पनि भोगेको थिएँ, स्विटजरल्यान्डको जुरिचमा । त्यहाँको सुपर मार्केटमा पानी लिएर काउन्टरमा पैसा तिरी निक्लिएँ । काउन्टरमा राम्री केटी थिई । मुसुक्क मुस्कुराएर अतिथिको स्वागत गर्ने उसको तरिकाले मलाई निकै प्रभाव पाऱ्यो । पानी लिएर उसैको सुन्दरताको विषयमा सोच्दै ढोकाबाट बाहिरिँदै गर्दा त्यो सेल्सगर्ल 'एक्सक्युज मि' भन्दै मेरो पछि पछि आई । म टक्क रोकिएँ । हल्का भय जन्मियो, कतै मेरोतर्फबाट गल्ती पो भयो कि सुपर मार्केटमा ?
उसले मलाई सोधी कि के मैले ग्यासपानी नै खरिद गरेको हो ? मैले भनेँ, 'होइन ।' मलाई त नर्मल पानी चाहिन्छ । उसले जानकारी दिई कि उसको सुपर मार्केटमा नर्मल पानी छैन । मैले जुन पानी लिएर आएको थिएँ त्यो ग्यासपानी हो । उसले पानी फिर्ता लिएर पैसा फिर्ता दिई ।
उसले विदेशी भएका कारण मलाई सोधेकी रहिछ कि कतै मैले नबुझेर गलत पानी पो लिएर हिँडेँ कि ? एयरपोर्टनजिकको होटेलमा बसेको थिएँ । सुपर मार्केटको विकल्प नभएकोले त्यहाँ पनि मैले पानी पिउन नयाँ दिन नै पर्खिनुपऱ्यो ।

ब्राजिलमा मलाई अनौठो लागेको कुरो के थियो भन्दा किन त्यहाँका मानिस अर्थात् ब्राजिलियनहरू ग्यासपानी पिउँछन् ? किन सुपर मार्केटमा ग्यास नभएको पानी बेच्न नराखिएको होला ? आखिर त्यहाँ ग्यास नभएको पानी पनि पाइँदो रहेछ । यस कुराले मलाई निकै पछिसम्म घोचिरह्यो ।

जलस्रोतको धनी देशको ग्यासपानीसँग जोडिएको यस प्रसङ्गले ब्राजिलको यात्रालाई अविस्मरणीय बनाइदियो । भाषाको समस्याले गर्दा पानीको प्यास मेटाउन नसक्नु अनौठै संयोग थियो । वास्तवमा जीवनयात्रा भनेकै यस्तै अनेक खाले अनुभव र अनुभूतिको जोड हो । कैयौँ अनुभव र अनुभूति पेचिलै भए पनि संस्मरणका पत्रमा विशिष्ठ भएर रहिरहन्छ ।

(khadkabinod02@gmail.com)

लघुकथा

# जारको रिस



एम 'पथिक'

मैले थुप्रै प्रकारका जारका कथा आजसम्म पढेको छु र सुनेको छु तर जारलाई खुकुरीले गनर्धनमै छप्काउने मान्छे भने एउटै मात्र भेटेको छु ।

भेटमा मैले सोधेँ, 'तिमीले जारीकल पनि उठाएका रहेछौ फेरि कसरी जारमाथि जाइलाग्यौ ?'

उसले भन्यो, 'जारीकल उठाएर मन मर्छ र ! जारले स्वास्नी लगिसकेपछि यो मन मान्दैन । पैसा दिएर भुलाएर यो मन भुल्दैन । मनमा जागेको रिस खुकुरीले जारको गर्धन नताकेसम्म यो रिस मर्दैन । मेरो रिस मरेको थिएन । दुई दुई जना अनाथ बालककी आमा लगिदिने जारसँग जम्काभेट पर्दा के म हेरिरहन सक्थेँ ! यसैले खुकुरी गर्धनमा तेर्स्याएँ ।'

'के तिमीले जार काट्नु भनेर खुकुरी भिरेर हिँडिरहेका थियौ त ?' फेरि मेरो प्रश्नको वर्षा उसलाई ।

ऊ बोल्यो, 'स्कुस, काँक्रालाई थाँक्रा भनी जङ्गल पसेर घोचाघारो लिएर आउँदै थिएँ, जारको दिन बिग्रेको रहेछ क्यार ! ऊ पनि दाउराको भारी भित्तामा टेकाएर बाटामा बसिरहेको रहेछ । देख्नासाथ थपक्क खुकुरी दापबाट निकालेर हानिहालेँ । उसले गर्धन यसो घुमाएर बचाउन खोजेथ्यो अघिल्तिरको नाक पो पर उछिटिएछ !'

मैले भनेँ, 'देखेँ, नाक काटिएको मान्छे, त्यही तिम्रो जार हो ?'

उसले फेरि भन्यो, 'त्यही त हो मोरा, ज्यानचाहिँ बाँच्यो त्यसको । त्यतिकै छाडिदिएँ ।'

'अन्त कस्तो कानुन लाग्यो तिमीलाई ?' मेरो प्रश्न ।

उत्तरमा ऊ बोल्यो, 'केको कानुन लाग्छ । त्यसले रिपोर्ट नै गरेन । पन्ध्र दिन हस्पिटल बसेर निस्क्यो नि !'

'अनि तिमीलाई त्यसले केही गरेन ?'

'त्यसले के गर्न सक्छ र ! त्यसपछि मेरो रिस मर्‍यो । त्यसको नाकको टोड्को देखेपछि अचेल त हाँसो पो उठ्छ ! मन मनमा सम्झन्छु, अर्काकी स्वास्नी लानेलाई यस्तै हुन्छ !'

# कोरोना कहरको क्रन्दन



रामदयाल राकेश

'Poets and beggers musicians and oprophets, warriors and scoundrels, all creatures of that unbriddled of reality, we have had to ask but little of imagination. For our crucial probl´ has been a lack of conventional means to render our liess believable.'

Marquez

१५ वैशाख २०७२ मा नेपालमा महाभूकम्प गयो जसमा हजारौँ मानिसको ज्यान गयो । धनजनको क्षति कति भयो कति भयो, त्यसको सही लेखाजोखा हुन बाँकी नै छ । गत वर्ष लकडाउन चैतमा सुरु भयो करिब ६ महिनासम्म लागु रह्यो । मानिसहरू आजित भएर जिउन अभिशप्त भए । लकडाउन केही खुकुलो भएपछि जनजीवन सामान्य हुँदै लयात्मक गति समात्दै थियो तर कोरोनाको दोस्रो लहरले फेरि छिमेकी राष्ट्र भारतसहित नेपालमा कहर बर्साउन थाल्यो । नेपालको अस्थिर राजनीतिक माहोलले गर्दा वैशाख १८ गते अन्य विकल्पको कमीका कारण पुनः लकडाउन भयो । सरकार सत्ता सङ्घर्षमा संलग्न रहेकोले न खोप न औषधीमुलो न प्रतिकूल परिस्थितिलाई सामान्य गर्नमा समर्थ भयो । पोहोर सालको लकडाउनमा यसपालिको जस्तो हाहाकार फैलिएको थिएन । यस साल त कोरोनाको कहरले राजधानी काठमाडौँ मात्र होइन, तराईमधेस र पहाडपर्वत सबै समान रूपमा आक्रान्त भयो । यसपालि सुरुमै धेरै मानिसको ज्यान गयो । अस्पतालमा शैय्याको अभावले गर्दा पीडित र आक्रान्त मानिस त्राहिमाम गर्न थाले । कतिपय कोरोना पीडित अस्पतालको प्राङ्गणमा, बार्दलीमा र बरण्डामा उपचार गराउन बाध्य भए । तीमध्ये कतिपयले ज्यान गुमाए भने कतिपय ज्यान जोगाउन समर्थ भए । सरकार मस्त निद्रामा सुतेकोले अस्पतालमा शैय्याको अभाव भएको हो । सरकारमा बस्ने व्यक्तिको ध्यान नै यतातिर गएन । सबैभन्दा ठुलो समस्या अक्सिजन अभावको देखियो । यसको अभावमा बाँच्ने सम्भावना भएका कोरोना पीडितले पनि अनाहकमा ज्यान गुमाउन बाध्य हुनुपर्‍यो । चिकित्सक र परिचारिकाको आर्तनाद मात्र होइन ज्यान गुमाउनेको आर्तनादले गर्दा कमलो आत्मा भएकालाई आघात पुर्‍यायो । आँखअगाडि आक्रान्त बिरामीहरू छट्पटाउँदै मरेको दृश्यले विगलित बनाउँथ्यो । छापामा शोक सन्देशहरू प्रकाशित हुन थाले । यस्तो महामारीको मारमा कहिल्यै कोही नपरेकोले सबै मानिस भयभीत थिए । कतिपयलाई मानसिक बिरामी हुन थाल्यो । कतिपयलाई शारीरिक र मानसिक तनाव एवम् त्रासबाट गुज्रिनुपर्‍यो । आफ्नो परिजनको मृत्युको भयावह दृश्य देखेपछि काल कवलित हुनुमा कालको दोष होइन सरकारको दोष स्पष्ट देखिन थाल्यो । देशका प्रधानमन्त्रीले विदेशी च्यानलबाट भटाभट अन्तर्वार्ता दिँदै कोरोना कहर नियन्त्रणमा छ भने । नेपालका जनताको प्रतिरोधात्मक शक्ति बलियो छ भनी बयान दिए । निर्लज्ज भएर सत्यतथ्य लुकाए । सर्वसाधारण जनतालाई गुमराहमा राखे । सूर्य र सत्यलाई कसैले रोक्न सक्दैन । केही दिनपछि स्वयम् प्रधानमन्त्रीले गार्डियनमा यसको खण्डन गरे । योभन्दा पहिला सिएनएनसँगको एउटा अन्तर्वार्तामा उनले झुटो कुरो बोलेकोले देशवासीले उनलाई

गैरजिम्मेवारको संज्ञा दिएर सत्तोसराप गर्न थालेपछि सरकारका प्रवक्ता तथा परराष्ट्रमन्त्रीले प्रधानमन्त्रीको कुरालाई नै समर्थन गर्न थाले । अर्थात् प्रधानमन्त्रीले जे जे भन्यो त्यसकै समर्थन गर्नुपर्ने बाध्यता उनलाई थियो । वरिष्ठ पत्रकार कनकमणि दीक्षितसँग एउटा अन्तर्वार्तामा कुरा गर्दै उनले प्रधानमन्त्रीको कथनलाई समर्थन गरे । यद्यपि वास्तविक कुरालाई लुकाउनु मानवताविरोधी अपराध हो खास गरी मानवताको विकराल र भयावह अवस्थामा । बनावटी र झुटो कुरो गर्नु कदापि कसैलाई स्वीकार्य हुँदैन ।

लकडाउनको दौरानमा पूर्व आयुक्त समाजको एउटा वेबिनारमा मैले मानव अधिकारको उल्लङ्घन र हननका कतिपय विषयमा खुलासा गरेको थिएँ । काठमाडौँबाट हजारौँ मानिस पैदल हिँडेर गोरखासम्म पुग्न बाध्य भए । ती पनि नेपालकै नागरिक थिए । तिनका लागि काठमाडौँबाट यातायातको व्यवस्था गर्न नसक्नु लज्जाजनक स्थिति थियो । आखिर भाडा त उनीहरूले नै तिर्थे । भयावह अवस्थामा पनि सरकारले कुनै वास्ता गरेन । भारतबाट आउनेको नेपालका विभिन्न नाकामा मेडिकल टेस्ट पनि नगरी धमाधम निर्वाध आवतजावतको अनुमति दिनु पनि अस्वाभाविक लाग्यो । नाका नाकामा क्वारेन्टाइनको व्यवस्था गर्नु कहाँ हो कहाँ उनीहरूको टेस्ट पनि नगरी महामारीको समयमा पठाउनु कतिको मानवीय काम भयो ? नेपालको नाकामा बालक, वृद्ध र महिला श्रमिकको लस्कर देखेर लकडाउनको न्यूनतम सर्त पनि पूरा गर्नमा सरकारी निकायहरू असक्षम रहेको देखियो । पोहोरको लकडाउनमा पनि हजारौँ मानिस काठमाडौँबाट झापासम्म हिँडेर पुगेपछि सरकारको कति आलोचना भयो कति ! तर पनि सरकार यसपालि पनि सचेत भएन ।

देशका नागरिक सिर्फ मतदानका बेला मात्र मूल्यवान् ठहरिन्छ किनभने यिनीहरूको मत प्राप्त गरेर आएपछि सांसद र मन्त्रीहरू बन्न पाउँछन् तर यस्तो आपतविपतको समयमा पनि जनता जनार्दनलाई बिर्सनु र उनीहरूको न्यूनतम ख्याल नगर्नु लोकतान्त्रिक प्रणालीको मजाक होइन ? सांसद र उनका परिवार तथा परिजनहरूले खोपको दोस्रो खुराक पाउनु र अन्य १.३ लाख मानिसले नपाउनु कतिको जायज काम भयो । यस देशमा सांसद र मन्त्रीको जीवन मात्र बहुमूल्य भएको देखियो । अन्य नागरिकको कुनै मूल्य नै भएन । देशका लागि उनीहरूलाई आवश्यक जनशक्ति भए । अन्य मानिसको कुनै उपयोगिता नै भएन । पहिलोपल्ट खोप लिने ज्येष्ठ नागरिकहरूले दोस्रो खोपका लागि निकै लामो समय पर्खिनुपर्‍यो । सांसद र मन्त्री तथा सत्तामा बस्ने पदाधिकारीको पक्षपातपूर्ण व्यवहारलाई जनताले नजिकबाट नियाले । महाभूकम्पका बेला पनि सांसदहरूले पङ्क्तिबद्ध भएर त्रिपाल लिएका उदाहरण हामीसमक्ष छन् । यिनीहरूको नैतिकता, आदर्श, मानव मूल्य आदि कहाँ हराए ? उनीहरूको दायित्वविहीन व्यवहारको जति पनि चियोचर्चो गर्नु बेकार साबित भयो । जब जिम्मेवार मानिसहरू आफ्नो उत्तरदायित्वको निर्वाह गर्दैन, त्योभन्दा लज्जापूर्ण काम के हुन सक्ला ?

गरिब, सीमान्तकृत र निरीह मानिसहरू गरेर खानुपर्ने स्थिति पनि नभएको बेला श्रमिकलाई खानपिनको व्यवस्था नगर्नु, उनीहरूलाई केही राहतसमेत नदिनु उनीहरूको जिउने अधिकार (right to life) को व्यवस्था गर्नु कति व्यवहारिक काम भयो ? विभिन्न दाताहरूकै भरमा यिनीहरूले दुई छाक टारे तर सरकार कानमा तेल हालेर सुतिराख्यो । प्रदेश नम्बर २ को सरकारको पनि त्यस्तै स्थिति छापामा आयो । कोरोना पीडित बिरामीको खानाका लागि समेत दातासँग सरकारले निरीह भएर आग्रह गर्नु कति पनि सुहाएन । क्रमशः

समालोचना

# तराई भावभूमिको 'गरूराहा' उपन्यासमा एक नजर



खेमराज पोखरेल

## १. संयोग

'गरूराहा' उपन्यासका उपन्यासकार नन्दलाल आचार्यलाई मैले भेटेको छैनँ । चिनेको छैनँ । उनका उच्छ्वासहरू छामेको छैनँ । उनको जीवनप्रतिको दृष्टिकोण बुझेको छैनँ । त्यसैले म यो कृतिभित्र मात्र सीमित हुन बाध्य छु तर उनी मेरै भौगोलिक वृत्तमा घुमेका छन् । म जन्मेको, हुर्केको, पढेको र गर्व गरेको सप्तरीकै कार्यपीठिकामा उपन्यास घुमेको छ ।

उपन्यासको मूल कार्यपीठिका सप्तरीको गरूराहा गाउँ हो । स्थानीयताको लोभमा म यो 'गरूराहा'भित्र पस्ने जमर्को गर्दै छु । सामाजिक सञ्जालमा भेटिएका, चिनिएका र आफन्तिएका नन्दलाल आचार्य यस अर्थमा चिनारु हुन् । म मैले सम्पादन गरेको 'मदुस' लघुकथासङ्ग्रह, मेरो पाँचौँ लघुकथाकृति 'ईश्वरको मृत्यु'सहित विभिन्न लघुकथाकारका जम्मा १८ ओटा लघुकथा विमोचन हुने दिन २०७६ साल भदौ ३ गतेको लघुकथा महामेलामा मलाई कवि राजेश विद्रोहीले 'गरूराहा' उपन्यास कोसेली दिएका थिए ।

अमेरिका पुगेको धेरै समयपछि यो कोसेलीको पेटारो फुकाएको थिएँ र सर्सर्ती उपन्यासको अन्तिम पातोमा पुगेको थिएँ । उपन्यासकार आचार्यको बायोडाटा देखेर रोकिएको थिएँ । यो रोकिनुको कारण नेपाली साहित्यमा उनको दर्बिलो अनवरतता हो । बेलका नगरपालिका उदयपुरमा २०३० सालमा जन्मेका आचार्य नेपाली साहित्यमा कतै नहेरी अनवरत हिँडिरहेका छन् । मलाई अहिले लागिरहेछ कि खासमा पढाइका, अभ्यासका र ज्ञानका हिसाबले मेरो हैसियत उपन्यासको समीक्षा गर्ने होइन । म केवल एउटा पाठक हुने मात्र हैसियत राख्छु । त्यसैले यो आलेख पाठकीय नजरिया मात्र हो, शास्त्रीय धारको समीक्षा होइन ।

## २. प्रगतिशीलता र साहित्यिक कला

यो उपन्यासलाई प्रगतिशील फ्रेमभित्र लेखिएको भनिएकै छ । भित्र पढ्दै जाँदा अझ यो क्रान्तिकारी धारमा लेखिएको छ भन्ने लाग्छ । त्यसैले यो उपन्यासको अभिध्येय किटान छ ।

प्रकाशकीयमा लेखिएको एक हरफ 'समग्रमा भन्नुपर्दा 'गरूराहा' समकालीन सामन्तवादी एवम् बुर्जुवा साहित्य-चिन्तनविरूद्धको वैचारिक सङ्घर्षको उपज हो'ले यो उपन्यासको प्रयोजन प्रस्ट हुन्छ । मान्छेको जीवन जसमा साहित्य नपर्ने कुरै भएन; का आयाम वा समाजका गतिलाई नबुझी यो उपन्यास गम्य हुन सक्दैन । समाजभित्र पुरातनवादी धार, यथास्थितिवादी धार, प्रगतिशील धार र क्रान्तिकारी धार हुन्छन् । समाजशास्त्रीका हिसाबमा यी चारै वादमा आदर्शवाद बसेकै हुन्छ । चारैओटा धारसँगै हिँडिरहेका छन् र एकआपसमा सङ्घर्ष गरिरहेका छन् । यो सङ्घर्ष नै जीवन हो । नतिजा जहिले पनि प्रगतिशीलतामा पुग्छ । प्रसिद्ध दार्शनिक हेगेलले भने झैँ वाद, प्रतिवाद र संवादको र फेरि संवाद नै वाद हुँदै त्यो गोलचक्कर बाटोमा आएर जीवन नियमित चलिरहेको छ । सभ्यता चलिरहेको छ । मार्क्स यो हेगेलको संवादलाई उत्पीडनमुक्त समाजलाई स्थायी चाहन्छन् । हो, यो स्थायी चाहना उपन्यासभित्र देखिन्छ ।

मलाई सबै खाले साहित्य प्रगतिशील हुन् जस्तो लाग्छ । किनकि साहित्यको अभिप्राय नै हित हो । हित हुनु भनेको प्रगतिशील हो । समस्या कहाँनजिक हुन्छ भने वर्ग–चेतपिच्छे हितको अर्थ फरक फरक हुन्छ । त्यस कारण समाजमा उत्पीडित जनताको मुक्तिकामी साहित्यलाई प्रगतिशील भनिएको हो । यो कसीमा राखेर हेर्दा 'गरूराहा' उपन्यास पूरापूर प्रगतिशील उपन्यास हो । उपन्यासको उठान, विकास र उत्कर्ष क्रान्तिकारी छ । समापनतिर आइपुग्दा उपन्यासले प्रगतिशील धार बोकेको छ । क्रान्तिकारी धारबाट प्रगतिशील धार याने कि क्रमिक रूपमा परिवर्तनको यथार्थलाई पस्किएर उपन्यास सकिएको छ ।

साहित्यमा मुख्य कुरो कलाको हुन्छ । कथा सबैका हुन्छन् । कहर सबैका हुन्छन् । सङ्घर्ष सबैका हुन्छन् तर जब ती आफ्ना सङ्घर्षका कथा भन्न थाल्छन्, शिल्पका कारणले साहित्य नहुन पनि सक्छ वा गतिलो नबनेको पनि हुन सक्छ । किनकि साहित्य कला हो । कलाकार हुनु साहित्यकारकारको आवश्यक र नभई नहुने तत्त्व हो । त्यस कारण **गरूराहा**लाई हेर्ने भनेकै साहित्यिक कलाका दृष्टिले हो । शिल्पले हो । शैलीले हो । विन्यासले हो । विषयवस्तुका हिसाबमा त यो अब्बल किन छ भने यसले हाकाहाकी गरिब, दुःखी र उत्पीडित जनताको आवाज उठाएको छ । समाजको अग्रगामी परिवर्तन खोजेको छ । समानता खोजेको छ । सत्ताका आडमा हुने अर्घेल्याइँ, विभेद र अन्यायको उछितो काढिएको छ ।

### ३. औपन्यासिकता :

**गरूराहा** मेरो अगाडि छ । उपन्यास भन्ने बित्तिकै यसभित्र औपन्यासिक कला कत्तिको छ भनेर हेर्ने हो । कथानकको तादात्म्य, प्रयोजन, चेष्टा, प्रस्तुति–शिल्प आदि हेर्ने हो । पुस्तक भेटेपछि टार्गेटेड पाठकले पढेको पढेकै गरेको छ कि छैन भन्ने कुरा अनुभूत गर्ने कुरा हो ।

### ३.१. कथ्यविन्यास

माथि पनि भनियो, यो उपन्यास प्रगतिशील थिमभित्र लेखिएको छ । यसको कथानक नेपाली समाजमा रहेको वर्गविभेद, जातिविभेद, अन्धविश्वास, सामन्तवादी समाज र राज्यप्रणाली र समाजप्रणालीको विभेदीय चरित्रको परिचय गराउनु, त्यसका विरुद्ध चेतना फैलाउनु र सङ्घर्ष गर्नु हो । एउटा समुन्नत समाजको निर्माण गर्ने मूल उद्देश्यका साथ यहाँ विनिर्माण गरिएको छ । यी पोलाइले अभिशप्त थङ्थिलो भएको, सामाजिक बहिस्करणमा परेको, विभेदमा परेको युवकको सङ्घर्षको कथा छ उपन्यासमा । एउटी क्रान्तिकारी केटी ज्योतिलाई केटाले लेखेको चिठीपत्र वा डायरी वा आलेख दिएर पूर्वदीप्ति शैलीमा कथानक अघि बढेको छ । त्यसैले यो माओवादी छापामार सङ्घर्षको पेरिफेरीबाट कथ्यविन्यास गरिएको छ । कथानकभरि दुःख छ । अन्याय छ । अत्याचार छ । विभेद छ । बहिस्करण छ । उपन्यासको यो पाटो विन्यासका लागि एउटी उच्च कुलीन पहाडे मूलकी केटी मालती र निम्न कुल भनिएको मधेसी, दलित भनिने चमार केटो राजदेवबिचको प्रेमलाई देखाइएको छ । यो प्रेम जति जति अघि बढ्छ, उति उति राजनीति, प्रशासन, समाज तथा समग्र परिवेशले अन्याय, मानसिक/भौतिक प्रताडना गर्न पुग्छ । यो प्रेम एकातर्फबाट हेर्दा वियोगान्त छ भने अर्कोतिरबाट हेर्दा आदर्शवादी छ । परिवेशले प्रेमकथ्य कुल्चिएको छ । युवकले ऊ र ऊजस्तै विभेदितका पक्षमा आवाज उठाउँछ । कहर सहेर सङ्घर्ष गर्छ र मुक्तिको विन्दुमा पुऱ्याउँछ । यो मुक्तिको मसिहा भएर माओवादी सशस्त्र आन्दोलन देखा परेको छ । यसरी हेर्दा नेपाली समाज र राजनीति जसरी जसरी अगाडि बढेको छ, त्यसरी नै उपन्यास

कुदेको छ । माओवादीको मूलधारमा प्रवेशसँगसँगै प्रगतिशील उपलब्धिको परिवर्तनमा आएर ज्योतिसँग बिहे गरेर घरजम गरेपछि उपन्यास सकिएको छ । उपन्यास सकिनुभन्दा पहिले फेरि परम्परागत प्रचलन, अन्धविश्वास आदिले अझै नछोडेको र त्यसका विरूद्ध अझै सङ्घर्ष गरिरहनुपर्ने सन्देश दिन उपन्यास चुकेको छैन ।

**३.२. पात्रविन्यास**

उपन्यासले भन्न खोजेको कथानकलाई व्यक्त गर्न पात्रको भूमिका प्रमुख हुन्छ । यो पात्र पक्षको व्यवस्थापन पात्रविधान हो । उपन्यासले वेष्ठित गरेको कथानक, परिवेश, कथानकको चेतना आदिकै आधारमा पात्रविन्यास गर्नुपर्ने हुन्छ । उपन्यासकारले उपयोग गरेका पात्रहरू राजदेव, ज्योति र मालती प्रमुख पात्र छन् । अन्य धेरै सूच्य पात्र छन् । कथानकको केन्द्रीय भागमा राजदेव छन् । राजदेवकै कहर, सङ्घर्ष र सफलतामा कथानक बुनिएको छ । पात्रविन्यासका हिसाबबाट हेर्दा उपन्यासमा प्रयुक्त पात्रका परिवेश, चेत र समयलाई हेर्दा पात्रविन्यास निकै सफलताका साथ सम्पन्न गरिएको छ । कथानकले जस्तो नाम, काम र परिवेश मागेको छ त्यस्तै पात्र प्रयोग गरेर उपन्यासकारले शिल्प देखाएका छन् ।

**३.३. बनोट शिल्प**

**गरूराहा**ले सरदर बनोट शिल्प अपनाएको छ । कथानकको उठान अथवा पूर्वावस्था कथ्यका बारेमा र समापनका बेला सत्य र भौतिक मान्छेको उपस्थिति गराएका छन् ।

**३.४. दृष्टिविन्दु**

मैले यहाँ अङ्ग्रेजीको 'पोइन्ट अफ भ्यु'लाई दृष्टिविन्दु भनेको हुँ । उपन्यासको कथानकको थिमलाई दृष्टिविन्दु भनेको छु । उपन्यासले दृष्टिविन्दु प्रस्ट पारेको छ । उपन्यासको दृष्टिविन्दु तथा कथ्य-प्रयोजन उत्पीडित जनताको मुक्तिको जेहाद छेड्नु हो । त्यस कारण उपन्यासकार उपन्यासमा दृष्टिविन्दु निर्माण गर्न सक्षम छन् ।

**३.५. संवाद-शैली**

**गरूराहा** उपन्यासमा प्रयुक्त संवाद रोचक छन् । जस्तो पात्रको परिवेश छ त्यस्तै नाम छ । जस्तो नाम छ त्यस्तै संवाद छ । पात्रले परिवेश र स्तरअनुसारकै संवाद बोलेका छन् । भनाइको तात्पर्य पात्रलाई उपन्यासकारले पात्रकै भाषा र स्तरमा संवाद गराएका छन् । यो सफल कथानक प्रस्तुतिको द्योतक हो । उपन्यासभरि पात्रकै भाषा याने कि स्थानीय मैथिली भाषाको प्रयोग भएकाले संवाद-शैलीमा सुनमाथि सुगन्ध थपिएको छ । वास्तवमा उपन्यासमा संवाद बेजोड भएर र यथार्थवादी भएर आएका छन् । संवाद शैली रोचक छ ।

**३.६. द्वन्द्वविधान**

कथा वा उपन्यासको कथ्यनिर्माण भनेको दुईओटा विपरीत मान्यता वा प्रचलनका बिचमा द्वन्द्व सिर्जना गराउने र राम्रो पक्षको विजय गराउने हो । उपन्यासमा एउटा पुरातन र समान्तवादी विचारलाई पक्षपोषण गर्ने खालको छ भने अर्को विचार त्यसबाट मुक्त हुन सङ्घर्ष गर्ने, आन्दोलन गर्ने र समतामूलक समाजका लागि निर्माण गर्न अग्रसर हुने चेत छ । यी दुई विचार वा पक्षका बिच द्वन्द्व गराएर कथानक सिर्जना गरिएको छ र जनताको पक्षमा क्रान्तिकारी आन्दोलनको शङ्खनाद गरेको छ । क्रान्तिकारी सुधारका पक्षमा वकालत गरिएको छ । यस कारण यो उपन्यास द्वन्द्वविधानका हिसाबबाट सुन्दर र अग्रगामी छ ।

**४. विशेषता**

उपन्यासकारले उपन्यासमा शिल्प देखाएका छन् । शिल्पका कारणले पनि उपन्यास

सफल छ । लामो समय लगाएर मिहिनेत गरी उपन्यास लेखिएको छ । उपन्यासकारले देखेका, भोगेका, सोचेका र पर्गेलेका घटनाक्रम नै उपन्यासका विषयवस्तु भएकाले यथार्थ छ । उपन्यासकारमाथि अपझ्झट त्यही बेला आएको भौतिक अशक्तताका बाबजुद यति राम्रो उपन्यास जन्मनु उनको चेतीय विशेषता हो । अग्रगमनको कामना मनभरि, तनभरि र दिमागभरि भएको प्रमाण हो ।

**४.१. भाषा शैली**

उपन्यासमा प्रयुक्त भाषाशैली मजबुत छ । नेपाली भाषामा एम.एड. गरेका उपन्यासकारको भाषा स्वाभाविक रूपले सुललित हुन पर्छ । त्यो छ । भाषा सम्प्रेषणीय छ । दुरूह छैन । पात्रका आवश्यकताअनुरूप स्थानीय भाषा प्रयोग गरेर उपन्यास यथार्थवादी भएको छ । वाक्यविन्यास छोटा र सुन्दर छन् । शब्दचयन यथार्थवादी र प्रचलित छ ।

**४.२. स्थानीयता**

मुख्य कुरो यो उपन्यासको कार्यपीठिका पूर्वी नेपालको सप्तरीको गरूराहा गाउँ हो । तराई–मधेसका कुरा छन् यसमा । स्थानीय संस्कृति, सभ्यता, भाषा, विभेद आदिलाई उजागर गरिएको छ । सप्तरीको एउटा गाउँमा रहेको निम्न कुल भनिएको चमार बस्तीका उत्पीडनका कथानक लेख्नु निकै ठुलो जँघार तर्नु हो । यो ठुलै प्रयास हो । त्यस कारण उपन्यास सक्न उपन्यासकारलाई झन्डै दश वर्ष लागेको छ । त्यसो भएकोले यो माओवादी जनयुद्धकै सेरोफेरोमा उभिएको छ स्थानीयता पनि । नेपाली साहित्यको आञ्चलिकता दर्साउने यो एउटा प्रमुख कृति हुने छ ।

**४.३. प्रेमकथा**

प्रगतिशील भनिएका विषयवस्तुमा केटाकेटीको टिनेजर प्रेमप्रसङ्गलाई उति सारो सुन्दर मानिँदैन तर **गरूराहा**भित्र मूल रूपमा मुख्य पात्र राजदेव र मालतीको असफल प्रेमकथा छ । प्रेमकथा असफल हुने कारण समान्तवादी सोच हो । त्यसै रूपमा प्रेमकथा अघि बढेको छ । परम्परागत विभेदका कारण प्रेम असफल भएको छ तर यो प्रेमकथाको टुङ्ग्याउनी आदर्शमा गएको छ । मूल पात्र राजदेवले ज्योतिसँग अन्तर्जातीय र जनवादी बिहे गरेको छ । यो बिहे भौतिकवादको बिम्ब हो भने अर्कातिर नायिका मालतीचाहिँ आजन्म कुमारी बसेर आदर्श प्रेमीको उदाहरण दिएकी छन् । यसलाई परम्परागत यथार्थ आदर्शवादी बिम्ब मान्न सकिन्छ ।

**४.४. सामाजिक उत्पीडनका कथावस्तु र समाज परिवर्तनका एजेन्डा**

उपन्यासको प्रधान कुरो भनेको सामाजिक उत्पीडन र समाज परिवर्तनका एजेन्डा हो । यो एजेन्डा नै उपन्यासको महत्त्वपूर्ण पक्ष वा विषयवस्तु हो । उपन्यासभित्रका अग्रगमन बोक्ने पात्रहरू सङ्घर्षशील छन् । निरन्तर विद्रोह गरिरहन्छन् । सङ्घर्षलाई जीवन बनाएका छन् । विभेद तथा तिनखुटियाजस्ता उत्पीडनबाट मुक्तिका लागि जेहाद छेडेका छन् । परिवार तथा परम्पराका मान्यताभन्दा माथि उठेर सामाजिक उत्पीडनबाट मुक्तिका लागि र समाजलाई समानताको बाटोमा हिंडाउने एजेन्डा बोक्नु उपन्यासको प्रमुख विशेषता हो । उपन्यासले अन्तर्जातीय विवाह गराएर प्रगतिशीलता देखाउन खोजेको छ । आफूलाई पुर्ने खाल्डो आफैलाई खन्न लगाएको मार्मिक चित्रण छ । मान्छेको मानवता मरेको सामाजिक व्यवस्था देखाइएको छ । कथित मानवअधिकार तथा दलितवादी संस्थाको खोल उदाङ्गो पारिएको छ । खानु र भोकको महत्त्व थाहा पाएका छन् पात्रहरूले । माओवादी द्वन्द्वकालमा

एम्बुसको कहरबाट उब्जिएका परिवेश देखाइएको छ । गोली लागेर मारिने मर्नेका परिवारका मार्मिक व्यथा पनि पस्किएको छ । यो उपन्यास सङ्घर्षको बिगुल भएको छ । उपन्यासको एक हरफ 'नबोली, नजुधी, र नकुदी जित हात पार्छु भन्नु यस दुनियाँमा मुर्खता सिवाय केही होइन'ले सङ्घर्षमय विचारको प्रतिनिधित्व गरेको छ ।

नेपालको राजनीतिजस्तै उपन्यासभित्रका कथानकमा आन्दोलनले एउटा विन्दुमा पुगेर विश्राम लिएको छ । सुस्ताएको छ । माओवादी दस्ताले युद्धकालमा बोकेका सपना सपनै रहेका छन् अझै । त्यसैले उपन्यासकार अझै अनवरत सङ्घर्षको आशा देखाउन सक्रिय छन् । उपन्यासभित्रको एक हरफ 'बन्दुक बोक्ने समयमा उसले बुनेका सपनाहरू तुहेका छन् । तिनै सपनालाई जोरजाम पारी ऊ पुनर्जीवित गर्न खोज्दै छ'ले फेरि सङ्घर्ष र अनवरत सङ्घर्षको जोहो गर्दै छ ।

**४.५. अन्धविश्वासमाथि प्रहार**

उपन्यासभित्र यथास्थानमा गरूराहाका जनता भूतप्रेत, भाग्य, परम्परा आदिबाट ग्रसित छन् । हैजा लागेको छ, पानी पिउन नदिने प्रचलन छ । मार्मिक, विदीर्ण र बीभत्स जीवन छ गरूराहाको । समाजभित्र अन्धविश्वास यति छ कि मान्छे कायल छ । दलितलाई मन्दिरमा प्रवेशप्रति विद्रोह गरिएको छ । यसरी अन्धविश्वासको चित्रण गरिनु उपन्यासको यथार्थवादी पाटो हो । उपन्यासभित्र अनेकौँ अन्धविश्वासी परम्पराको चित्रण छ । उपन्यासले यी अन्धविश्वासमाथि यथास्थितिभित्र बसेर प्रगतिशील प्रहार गरेको छ ।

**५. पाठकीय आग्रह**

उपन्यासलाई प्रगतिशील तथा क्रान्तिकारी मापदण्डमा राखेर हेर्दा पाठकले केही थप खुराक खोज्नु स्वाभाविक हो । अझ यसलाई यसरी बुझ्नु आवश्यक हुन्छ कि हरेक राम्रा कुरामा थप सुधार आवश्यक पर्छ । सुधारको प्रश्न पनि पाठकको चेतमा भर पर्छ । तथापि पाठकलाई उपन्यासभित्र प्रयुक्त कथानकमा प्रेम प्रसङ्गमा धेरै समय नखर्चेको भए हुन्थ्यो भन्ने लाग्न सक्छ । प्रेम प्रसङ्गले उपन्यासलाई रोचक र प्रेमिल त बनाएको छ । आदर्श प्रेम देखाइएको छ जुन सामन्तवादकै प्रारूप हो । पुरूष पात्र राजदेवले बिहे गर्नु तर महिला पात्र मालतीले बिहे नगर्नु जस्ता घटना सामान्यतः भौतिकवादमा हुन्न । अहिलेको विश्वमा महिला र पुरूष दुवै शतप्रतिशत अलग विषय हो भन्ने मान्यता स्थापित गर्न सकेको छैन उपन्यासले । घटनाक्रम र पात्रका माध्यमबाट इलाइट सामन्तको परिकल्पना गरिएको छ जुन आदर्श मात्र हो । कतै कतै धार्मिक आस्थाले गाँजेको छ । अन्तर्जातीय बिहे गर्ने र प्रगतिशील पात्र प्रकाश कङ्कालनी मन्दिरमा पुगेर असिम आस्था र विश्वासका साथ गुहार लगाउन पुग्छ । त्यसबाट सकारात्मक परिणाम आएको देखाइएको छ । यसलाई पनि अन्धविश्वास मान्न सक्नुपर्थ्यो । अन्तरजातीय बिहे गर्ने प्रकाश र दिलमायामा शङ्कालु प्रवृति भएको र प्रकाशले आत्महत्याको कायर निर्णय गरेको कुराले प्रगतिशीलतालाई देखाउने दाँत बनाए जस्तो लाग्छ । किनकि प्रगतिशीलतामा आत्महत्या हुन्न, परिस्थितिसँग सङ्घर्ष गर्नुपर्छ । उपन्यासमा सक्कली नाम पनि राखिएको छ । यसले संस्मरण हो कि भन्ने भ्रम पर्न सक्छ ।

भाषा राम्रो मात्र छ तर चटक छैन । भाषामा अझै मगज खियाए राम्रो हुन्छ । क्रान्तिकारी आदर्शमा पुगेर कथानक सकिएको छ । 'ऊ चाहन्छ– नेपाली समाजमा रङ्ग छैन । थरिथरिका जातहरू पनि नरहुन् । एउटै जाति रहोस्, मानव जाति ।' यो आदर्शवादी कुरो हो । चाहना हो मान्छेको । मेटाफिजिकल कल्पना हो तर भौतिकवादमा यस्तो हुन सक्दैन ।

## ६. उपसंहार

असली प्रगतिशील विचार वा त्यसबाट निर्देशित साहित्य रचनामा कलापक्ष वा मानव संवेदनात्मक पक्ष कमजोर हुन्छ भनी आलोचना गरिन्छ । यो राजनीतिक वादजस्तै अनवरत चलिरहने एउटा प्रक्रिया हो । यो विचारको बहसलाई यत्तिकै छोडेर मैले भन्न चाहेको कुराचाहिँ के हो भने प्रगतिशील साहित्यले जीवनका अनेकौँ अबडेखाबडे मोडमा सङ्घर्ष गर्ने सन्देश दिन्छ । पात्रहरू काँतर, रुन्चे वा भगुवा हुन्नन् । जीवनका अनेकौँ विसङ्गति, अन्याय, अत्याचार तथा बेथितिप्रति आक्रामक हुन्छन् । उत्पीडनको विरोध र त्यसका विरुद्ध अनवरत सङ्घर्ष गर्छन् । यस पक्षलाई केन्द्रमा राखेर हेर्दा **गरूराहा** उपन्यासको कथावस्तु वा पात्रविधानले अब्बल प्रगतिशीलता पस्केको छ । यति मात्र होइन, आदर्श प्रेम व्यक्त्याएको छ । सामाजिक रूपान्तरणको सन्देश प्रदान गरेको छ । मधेसका संस्कारको चित्रण गरेको छ ।

अन्त्यमा उपन्यास दर्बिलो छ । जीवन यस्तै हो, घामछायाँ, दिनरात, विभेदसङ्घर्ष, उतारचढाव । समाजभित्र आइरहने विभेदका विरूद्ध सङ्घर्ष गरिरहने खुराकका कृति अझ कलात्मक भएर आउन् । शुभकामना छ । किनकि यस्ता कृतिले कहर परिवेशमा पनि बाँच्ने त्राण दिन्छ । जीवनका पटाङ्गिनीमा बसेर हेर्दा सबैभन्दा महत्त्वपूर्ण कुरा जीवन-सङ्घर्ष हो । यसैले यो उपन्यास पढिरहँदा एउटा गीत सम्झेको छु, 'सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो ।'

(५ अप्रिल, २०२०)



# *गजल*



जेबी खत्री

दिल खोलेर जिन्दगीमा हाँस्न पाइनँ मैले
जुनीभरलाई पिरती गाँस्न पाइनँ मैले ।

धेरै थिए दिल खोलेर साथ माग्नेहरू पनि
चाहेर नि तिनलाई साथ दिन पाइनँ मैले ।

कत्तिले त पछिसम्म पनि बाटो हेरे होलान्
तिनीहरूसँग पनि माफी माग्न पाइनँ मैले ।

कति आए कति तस्बिर चिठीहरू सँगसँगै
तिनै तस्बिर फिर्ता गर्न पनि पाइनँ मैले ।

सङ्घर्षमै जन्मिएर सङ्घर्षमै हुर्किएको म
कस्तो हुन्छ जवानी खै थाहा पाइनँ मैले ।

(jebi.khatri@yahoo.com)

कृति समीक्षा

# 'मध्यरातमा मुर्कट्टा' देख्ने कवि

तेजविलास अधिकारी

अन्धकारमय कालरात्रीमा कुम्भकर्ण निद्रा सुत्नेहरू पनि छन् । मध्यरातमा मुर्कट्टा देख्नेहरू पनि छन् । सुतिरहनेहरू केही लेख्दैनन् किनकि तिनीहरू केही देख्दैनन् । केवल स्वार्थको साङ्लोले तिनलाई बाँधेको हुन्छ । लुट्ने कर्ममा काबिल भएकाले मात्र श्रम शोषणको इतिहासको निरन्तरता दिन्छन् । चाहे दिन होस् चाहे रात, खराब शासकले गरेका सन्धि सम्झौता, पोसेका टोले गुण्डा अनि शोषण गरेको देशको अस्तित्व सबै सबै सपना र विपनामा आइरहन्छन् चिन्तकहरूको दिमागमा । कोरिन्छ नयाँ चित्र देश निर्माणको, खोजिन्छ अनेक विकल्प जीवनयापनमा जोडिएका लाखौँ श्रमिकहरूको, बन्छ नयाँ र दर्विलो सङ्घर्षको इतिहास । हामीलाई इतिहासले पनि पीडा दिन्छ । ठिक वा बेठिक इतिहास पढेर पीडा बेहोर्नु । पाठक दुःखी पार्नुभन्दा पाठकलाई जगाउन इतिहासले सकोस् ।

भर्खरै एउटा कवितासङ्ग्रह सार्वजनिक भएको छ 'मध्यरातमा मुर्कट्टा' । कवि अनिल श्रेष्ठको छैटौँ काव्यकृति हो 'मध्यरातमा मुर्कट्टा' । उनका नवौँ कृतिहरू मध्ये आकारमा सानो भएर पनि पछिल्लो साहित्यिक साधना र सामाजिक जिम्मेवारीबाट निस्किएको यो कविता सङ्ग्रहलाई विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ले प्रकाशनमा ल्याएको हो । कवितासङ्ग्रहभित्र जम्मा ३५ ओटा कविताहरू रहेका छन् । यति छोटा पनि कविता हुन्छन् ? भन्ने प्रश्न गर्न नभ्याउँदै उनका कविताहरूले मथिङ्गलमा कम्पन ल्याइदिन्छन् । अनि म भन्न सक्दिनँ ५,६ पङ्तिको कविता हुँदैन । कवितासङ्ग्रहभित्र कतै व्यक्ति विशेष नामसँग सम्बन्धित वर्णन छ त कतै कविकै मुखबाट केही प्रतिबद्धता गरिएका सन्दर्भ रहेका छन् । 'भाँचिएको सियो', 'एकदिन', 'वक्त', 'आजकल सिंहदरबारमा फूलहरू फुल्दैनन्, 'तिम्रो स्मृतिमा', 'सत्ता', 'लय', 'जादुगर', 'इजलास', 'विमल निभा', 'व्यर्थ हाँसो', 'अनादि लय' हुँदै अन्तिम अर्थात चौथो अनुच्छेदमा पुगेर कविताको क्रम टुङ्गिन्छ । कवि आफ्ना कविताहरूमा व्यक्तिलाई गाली गर्दैनन्, प्रवृत्तिमाथि प्रहार गर्छन् । राजनीतिको 'रा' पनि उच्चारण नगरी राजनीति गर्नेहरूको उदाङ्गो क्रियाकलापलाई काव्यभाषा प्रयोग गर्छन् । जनयुद्धको आधारभूमि टेकेर आएको परिवर्तनले सामान्यभन्दा सामान्य जनतालाई छुन नसकेकोप्रति चिन्ता व्यक्त गर्दछन् । कवि आफ्ना कवितामा कतै कवि विमल निभालाई चेतनाको गायकका रूपमा चिनाउँछन् त कतै खुसीराम पाख्रिनलाई सम्झिएर अहिलेको सत्ताप्रति अलिकता तीतो पोख्छन् । सम्मान गर्दागर्दै पनि कहिलेकाहीँ परिवेशले सम्मानित पात्रलाई अपमानित बनाएको सन्दर्भ प्रस्तुत गर्दछन् । पछिल्लो पाँच वर्षको अवधिमा लेखिएको कविताहरूमध्य अधिकांश २०७२ सालपछि संविधानसहित देशमा के के आयो भन्नेहरूलाई कसरी आयो खै परिवर्तन ? प्रश्नैप्रश्नको प्रहार गर्दछन् । शोषित पीडितको आवाज उठाउन तल्लीन कवि आफ्नो धरातल र विरासत बिर्सन चाहँदैनन् । नेपाली समाजको पक्षपातपूर्ण व्यवहारले चिन्तित समुदायले नेपाली हुनुको गौरव के ले गर्ने हो भन्ने प्रश्न गम्भीर ढङ्गले उठाएका छन् ।

जति समस्या आएपनि आफ्नो लय फेर्न हुन्न भन्दै 'लय' कवितामा नेपाली समाजले जतिसुकै

कोल्टो फेऱ्यो भने पनि गुणात्मक समाज बनाउन वर्गीय हिसाबले समस्याको समाधान गर्न चुकेको विषय उठान गरेको छ । 'इश्वरको जन्म' कविताले इश्वरको नाममा लुट्नेहरूप्रति व्यङ्ग्य गरेको छ । इश्वर बन्ने र बनाउने प्रथा कहिलेसम्म रहिरहला भन्ने भाव व्यक्त गरिएको छ । 'एकदिन' कविताले पर्यावरणप्रतिको चिन्तालाई मुखर गरेको छ । 'अगुल्टो' कविताले विचारको बीज कहिल्यै ननासिने र नमासिने विषयतर्फ सङ्केत गरेको छ । पूर्व शासक र वर्तमान शासकहरू बर्बराइरहेका छन् । आफूलाई लागेको विषय नै पूर्ण सत्य हो भन्नेहरू आफूले आफैलाई राजनेता घोषित गरेकोप्रति आक्रोश गर्न पुग्छन् । 'सेलिब्रेटी' कविताले २, ४ कविता लेखेर पत्रिकामा छपाएपछि आफूले आफैलाई स्वघोषित कविको दर्जा दिनेहरूकै विगविगी चलिरहेको यथार्थ व्यक्त गर्दछन् । जाँडरक्सीको नशामा जनतालाई डुबाएर चुनाव जितेर जानेहरूले देशको भूगोललाई बन्दकी राखेर यावत काम गरेको र नागरिकहरूले त्यसको परिणति आज भोगिरहेको विषयहरू कविताहरूमा आएको छ ।

'जादुगर' कविताले स्वघोषित संबृद्धिका नेताप्रति गम्भीर व्यङ्ग्य प्रहार गरेका छन् । झन्डै दुई वर्षदेखि जनता स्वास्थ्य समस्याको त्रासमा बाँच्नु परेको र जनताका निम्ति सरकार काममा भन्दा कमिसनमा रमाएको सन्दर्भ कविताहरूले प्रस्तुत गरेका छन् ।

'मध्यरातमा मुर्कट्टा' कवितासङ्ग्रहले व्यापारीहरूको राजनीतिमा भएको पदोन्नति, भ्रष्टहरूले दिने गरेको असल शासनको नारा, आवधिक निर्वाचनका नाममा जनतालाई किनबेचको वस्तु बनाइएको वास्तविकताप्रति संवेदनशील भएर सोच्न र राहतका नाममा भएको अनियमितताको शृङ्खला डरलाग्दो रहेको विषयले सचेत नागरिकलाई पलायन हुन बाध्य बनाइरहेको त होइन भन्ने चिन्ता समेत व्यक्त भएको छ । कवि आफूलाई एउटा आम नागरिकको रूपमा उभ्याउँदै न्यायालयले गरेका गलत फैसलाप्रति पनि नागरिक आवाज सङ्गठित पार्न आह्वान गर्दछन् । कवि कवितामा समाजलाई केलाउँछन्, अनेक विषय खेलाउँछन् । कतिपय कविता साह्रै छोटो हुनाले कविताका पारखीहरू कविताबाट तृप्त हुन नपाउँदै कविता सकिन्छ । राम्रा कविताहरूको रसस्वादन हराइरहेको वर्तमानमा कवि अनिल श्रेष्ठको यो कवितासङ्ग्रह उल्लेखनीय प्राप्ति मान्न सकिन्छ ।

## हार्दिक श्रद्धाञ्जली तथा समवेदना



**विजय बजिमय**



**जनकलाल वैद्य**

साहित्यकारहरु विजय बजिमय र जनकलाल वैद्यको असामयिक निधनमा उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौँ ।

**– शब्दाङ्कुर परिवार**

# नोबेल साहित्य पुरस्कार

भोगेन्द्र लिङ्देन

स्विडिस एकेडेमीले उपनिवेशवादको प्रभाव तथा सांस्कृतिक र भौगोलिक असमानताका कारण समस्यामा परेका शरणार्थीको जीवनलाई मार्मिक ढङ्गले प्रस्तुत गर्न सक्ने कलालाई सम्मान गर्दै सन् २०२१ को साहित्यतर्फको नोबेल पुरस्कार २० डिसेम्बर १९४८ मा जन्जिबारमा जन्मी १९६० को दशकको जन्जिबार क्रान्तिको समयमा शरणार्थीका रूपमा बेलायत गएका बेलायती उपन्यासकार अब्दुलरजक गुरनाहलाई प्रदान गर्ने भएको छ ।

बेलायतको क्यान्टरबरीस्थित क्राइस्ट चर्च कलेजमा अध्ययन गरेका गुरनाहले विद्यावारिधि उपाधि बेलायतकै केन्ट विश्वविद्यालयबाट पश्चिम अफ्रिकी आख्यानको समालोचना विषयमा सन् १८९२ मा प्राप्त गरे । गुरनाहको लेखनको मुख्य विषयमा निर्वासन, उपनिवेशवाद र राज्यका तर्फबाट नागरिकप्रति पूरा नगरिएका प्रतिज्ञा पर्दछन् । सन् २००६ मा रोयल सोसाइटी अफ लिटरेचरको सदस्यमा मनोनित गुरनाहले कथा र निबन्ध पनि लेखेका छन् । उनका **मेमोरी अफ डिपार्चर**, **पिल्ग्रिम्स वे**, **प्याराडाइज**, **एड्माइरिङ साइलेन्स**, **बाई द सी**, **द लास्ट गिफ्ट**, **ग्राभेल हार्ट** तथा **आफ्टरलाइभ्स**सहित १० ओटा उपन्यास प्रकाशित छन् । यीमध्ये **प्याराडाइज** बुकर तथा **बाई द सी** लस एन्जेल्स टायम्स बुक प्राइजका लागि सूचीकृत उपन्यास हुन् । उनका **माई मदर लिभ्ड अन अ फार्म इन अफ्रिका**, **द अराइभर्स टेल**, **द स्टेटलेस पर्सन्स टेल** शीर्षकका कथालगायत थुप्रै निबन्ध तथा समालोचना प्रकाशित छन् । हाल केन्ट विश्वविद्यालयमा अङ्ग्रेजी र उत्तर औपनिवेशिक साहित्यको प्राध्यापन गर्ने गुरनाह बेलायतको ब्राइटन, पूर्वी ससेक्समा बसोबास गर्छन् ।

यसअघि सन् २०२० को नोबेल साहित्य पुरस्कार अमेरिकी कवि लुइस ग्लिकलाई प्रदान गरिएको थियो । २२ अप्रिल १९४३ मा न्युयोर्कमा जन्मिएकी ग्लिकलाई उनको कवितामा पाइने व्यक्तिगत अस्तित्वलाई सर्वव्यापक बनाउने सरल सौन्दर्यका लागि पुरस्कार दिइएको थियो । पुरस्कार घोषणाका अवसरमा समितिका अध्यक्ष एन्डरस ओल्सनले उनको थोरै शब्दमा अभिव्यक्त हुने र विशेष गरी पारिवारिक जीवनका हृदयस्पर्शी कविताको प्रशंसा गरेका थिए । अमेरिकाको प्रतिष्ठित कवि ग्लिकले त्यसअघि पुलित्जर, न्यासनल ह्युम्यानिटिस मेडल, न्यासनल बुक अवार्डलगायतका पुरस्कार प्राप्त गरिसकेकी थिइन् । सन् २००३ देखि २००४ सम्म उनी संयुक्त राज्य अमेरिकाको विशेष कार्यक्रम र अवसरमा कविता लेख्न सरकारद्वारा आधिकारिक रूपमा नियुक्त कविको पद Poet Laureate मा नियुक्त भएकी थिइन् ।

**फर्स्टबोर्न**, **द हाउस अन मार्सल्यान्ड**, **डिसेन्डिङ फिगर**, National Book Critics Circle Award प्राप्त **द ट्रैयाम्प अफ एचिलिस**, **द वायल्ड आइरिस** (१९९३ को पुलित्जर पुरस्कार प्राप्त), **द सेभेन एजेज**, National Book Award प्राप्त **फेथफुल एन्ड भर्चुअस् नाइट** उनका चर्चित कृति हुन् । भावनाको गहिराइ, मिथक, इतिहास र प्रकृतिका माध्यमबाट व्यक्तिगत अनुभव र आधुनिक जीवनको चिन्तन र चित्रण गर्ने आत्मकथाका कवि उनले सारा लरेन्स कलेज र कोलम्बिया विश्वविद्यालयमा अध्ययन गरिन् र येल विश्वविद्यालयमा लेखकका रूपमा आबद्ध छिन् । उनले ब्रान्डिस युनिभर्सिटी, हार्वर्ड विश्वविद्यालय र क्यालिफोर्निया विश्वविद्यालयमा प्राध्यापन गरेकी छन् ।

(स्रोत : इन्साइक्लोपेडिया, न्युयोर्क टाइम्स र अन्य इन्टरेट न्युज पोर्टलहरू)

# वृक्षमन्दिर

राजेश मानन्धर



# समाचार

**'गुलेली' बजारमा**

**काठमाडौँ ।** साहित्यकार जितेन्द्र रसिकका रङ्गीन चित्रसहित 'गुफाको बाघ, सपना र विज्ञान, गुलेली, केरकारे कान्छो, सिंगौरीको शहर भ्रमण र सोरोको खुत्रुके' शीर्षकका बालकथाको सङ्ग्रह 'गुलेली' शिखा बुक्सको प्रकाशनमा उनको १२ औँ कृतिका रूपमा बजारमा आएको छ ।

**'आधुनिक माधवी'उपर अर्न्तक्रिया**

स्रष्टा साँझ अमेरिकाको आयोजनामा रामकुमार पण्डित क्षेत्रीद्वारा लिखित चौधओटा कथाको सङ्ग्रह 'आधुनिक माधवी'का बारेमा प्रा.डा. मोहनप्रसाद तिमल्सिना, प्रा. खेमराज पोखरेल, साहित्यकार ममता मृदुलले कृतिको सबल र दुर्बल पक्षका बारेमा समालोचनात्मक टिप्पणी गर्नुका साथै प्रभात दीक्षित, पवन बुढाथोकी, गङ्गा अभिलाषी र विन्दु ढकालले पनि मन्तव्य प्रस्तुत गरेका थिए ।

**महाकवि देवकोटाको ११३ औँ जन्मजयन्ती**

**काठमाडौँ ।** नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा साहित्य (पद्य/काव्य) विभाग प्रमुख प्रा.डा. हेमनाथ पौडेलको सभाध्यक्षता र प्राज्ञसभा सदस्य तथा सञ्चार संयोजक शशी लुमुम्बूको सञ्चालनमा सम्पन्न महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३ औँ जन्मजयन्तीका अवसरमा कुलपति गङ्गाप्रसाद उप्रेतीले महाकवि नेपाली साहित्यका विराट् प्रतिभा भएको उल्लेख गर्नुभयो । सदस्य सचिव प्रा. जगत्प्रसाद उपाध्यायले महाकविको व्यक्तित्व र कृतित्वको चर्चा गर्नुभयो । प्राज्ञ परिषद् सदस्य डा. देवी नेपालले देवकोटाका प्रवृत्ति झल्किने रचनाका अंश वाचन गर्नुभयो । महाकविकी पनातिनी कवि मञ्जिला अनिलले 'यात्री' र कवि सविता बरालले 'शाकुन्तल'भित्रका अंश वाचन गर्नुभयो । वाङ्मय अन्वेषक प्रा. मोहनप्रसाद खनालले नेपालले चिन्नुअगि महाकविलाई विश्वले चिनिसकेको बताउनुभयो । महाकवि पुत्र प्रा.डा. पद्मप्रसाद देवकोटाले महाकविको मैतीदेवीस्थित कविकुञ्जलाई प्रतिष्ठानले सङ्ग्रहालयका रूपमा पुनर्निर्माण गरिरहेकोमा प्रशन्नता व्यक्त गर्नुभयो ।

सम्प्रेषण : शशि लुमुम्बू

**सप्तरी ।** सगरमाथा साहित्य परिषद् र प्रगतिशील लेखक सङ्घको आयोजना, प्रलेस सप्तरीका उपाध्यक्ष मेघराज पौडेलको अध्यक्षता, कञ्चनरूप नगरपालिकाका प्रमुख वसन्त मिश्रको प्रमुख आतिथ्य, सर्वोदय माविका प्रधानाध्यापक तारानन्द मल्लिकको स्वागतमा सम्पन्न महाकवि देवकोटाको ११३ औँ जन्मजयन्तीका अवसरमा नन्दलाल आचार्य, मेघराज पौडेल, मनोहर पोखरेल, शम्भु कार्की, ईश्वरीप्रसाद नेपाल, मान्सी मनोहर, सुजता बुढाथोकी, दिनीशा कटुवाल, अञ्जली कटुवाल, कृतिका न्यौपाने, प्रज्ञा कोइराला, विपाशा चौधरी, सुमित्रा परियार, प्रतीक विष्टले कविता र गजल वाचन गर्नुका साथै परिषद्का अध्यक्ष मनोहर पोखरेल, सचिव नन्दलाल आचार्य, प्राध्यापक विश्वराज खतिवडा, पूर्व प्रधानाध्यापक तीर्थराज उपाध्याय, शिक्षक नारायण खडका, पत्रकार उत्तम आचार्यलगायतले महाकविको व्यक्तित्व र कृतित्वका बारेमा विशद् चर्चा गर्नुभयो ।

सम्प्रेषण : मनोहर पोखरेल

**काठमाडौँ ।** ज्योति साहित्य प्रतिष्ठानका अध्यक्ष मणिराज सिंहको सभापतित्व, कवि तुलसी दिवसको प्रमुख आतिथ्य, पूर्व प्राज्ञ सुलोचना मानन्धर र साहित्यकार नरेन्द्रराज पौडेलको विशिष्ट आतिथ्य, नुवाकोट साहित्य प्रतिष्ठानकी सुमित्रा सुमीको नुवाकोटबाट भर्चुअल्ली

सञ्चालित महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३ औँ जन्मजयन्तीको अवसर तथा प्रतिष्ठानको १८१ औँ कवितायात्रामा कविहरू गङ्गा लिगल, विश्वविमोहन श्रेष्ठ, विप्लव ढकाल, कलानिधि दहाल, नारायण तिवारी, भीष्म उप्रेती, दामोदर पुडासैनी, टङ्क भट्टराई, मञ्जुश्री गिरी, जनार्दन अधिकारी धड्कन, रमेशचन्द्र अधिकारी (धनकुटा), देविका मग्राती (दार्जिलिङ) हरि पाण्डे (बेल्जियम), राजेश्वरी काफ्ले (लालबन्दी), सुधा मिश्र (जनकपुर), आर्त अकुलीन (लम्की), पार्वती भट्ट (डडेलधुरा), गीता अधिकारी, लक्ष्मीप्रसाद मिश्र (लम्जुङ), कृष्ण ज्ञवाली, बिमुन्स पौडेल, धनराज अविरल (लम्की, डडेलधुरा) ले महाकविलाई विभिन्न रूपमा सम्झनुहुँदै कविता, गजल, खोरिया र उदक वाचन गर्नुभयो ।

**क्यानाडा** । नेपाली साहित्यिक समाज, क्यानाडाबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३ औँ जन्मजयन्तीको अवसर पारेर इ. मातृका कोइरालाको भर्चुअल्ली सञ्चालित र इ. मनकाजी जेइनाको स्वागतमा सम्पन्न कार्यक्रममा ओन्टारियो, ब्राम्टनबाट रञ्जना सैँजु र अमर सैँजुले देवकोटाद्वारा रचित 'कुन मन्दिरमा जान्छौँ यात्री ...' बोलको गीत गाइयो । त्यसपछि गङ्गा लिगल (भैरहवा), सङ्गीता ठाकुर (सर्लाही), रेणु घिमिरे (सिरहा), राजेश्वरी काफ्ले (लालबन्दी), सरिता भट्टराई (विराटनगर), काठमाडौँबाट जनार्दन अधिकारी धड्कन, महेशराज खरेल, मणिराज सिंह, रश्मि रिमाल, राजनविक्रम थापा, उर्मिला पन्त, सुधा बास्कोटा ढकाल, बिमुन्स पौडेल, दुर्गा जोशी पाण्डे, भीमकुमारी श्रेष्ठ, देविका मग्राती राई (दार्जिलिङ), पशुपति कर्माचार्य र डा वीरेन्द्र के.सी. (न्युजिल्यान्ड) ले कविता र गजल वाचन गर्नुभयो । क्यानडाबाट प्रेम देवकोटा र मेघराज ज्ञवालीबाट देवकोटाकै गीत गाइएको कार्यक्रममा बिना श्रेष्ठ, डा. किस्मत भण्डारी, जयराज गौतमलगायतको उपस्थिति थियो ।

सम्प्रेषण : मणिराज सिंह

## पुरस्कार अर्पण

**काठमाडौँ** । मानव अधिकार तथा शान्ति समाजद्वारा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तिको सेरोफेरोमा आयोजित एवम् समाजका सभापति गोविन्द खनालको सभापतित्व, नेपाली काङ्ग्रेसका नेता डा. शेखर कोइरालाको प्रमुख आतिथ्य र समाजको उपसभापति रत्नलक्ष्मी श्रेष्ठको स्वागतमा सम्पन्न कार्यक्रममा वर्ष २०७८ को महाप्रसाद रिजाल लोकतन्त्र स्रष्टा सम्मान श्रवण मुकारूङ, चन्द्रकला खनाल अहिंसा स्रष्टा सम्मान प्रा.डा. वेणीमाधव ढकाल, कृष्णकुमारी दाहाल शान्ति स्रष्टा सम्मान रामरिझन यादव, ज्ञानप्रसाद खनाल सहिष्णुता स्रष्टा सम्मान रामबहादुर पहाडी, राधादेवी दाहाल सद्भाव स्रष्टा सम्मान रत्ननिधि रेग्मी, मानबहादुर रावल वातावरण स्रष्टा सम्मान रामेश्वरी पन्त, गणेशबहादुर श्रेष्ठ स्रष्टा सौगात प्रतिसरा सायमी, जोगमाया बराल स्रष्टा सौगात विना थिङ तामाङ, राधादेवी दाहाल स्रष्टा सौगात मनु विक, जनककुमारी रेग्मी स्रष्टा सौगात मेनका पोखरेल आचार्य, पद्मप्रसाद दाहाल स्रष्टा सौगात देवकी तिमल्सिना रोकाया, श्रीप्रसाद दाहाल स्रष्टा सौगात सुदेश सत्याल र वर्ष २०७७ को राधादेवी दाहाल सद्भाव स्रष्टा सम्मान नीलम कार्की निहारिकालाई प्रदान गरियो । यसै गरी शान्ति समाजद्वारा नेपालगन्जमा आयोजित कार्यक्रममा पवित्रादेवी चौलागाई मानव अधिकार स्रष्टा सम्मान स्रष्टा विष्णुलाल कुमाल र श्रीनारायण दाहाल स्रष्टा सौगात स्रष्टा सम्मान रविना चौधरीलाई प्रदान गरियो भने इटहरीमा आयोजित कार्यक्रममा स्रष्टा मनु मञ्जिललाई भूमिप्रसाद बराल स्रष्टा सौगात प्रदान गरियो ।

सम्प्रेषण : समाजका तर्फबाट कार्यक्रम अधिकृत सरिता पौडेल

**निधन**

**काठमाडौँ** । वि.सं. २०१४ चैत्र २३ गते मोहरिया टोल, पोखरामा माता चिजकुमारी र पिता समरबहादुरको कोखबाट जन्मिएका विजय बजिमयको निधन २०७८ कात्तिक २८ गते भएको छ । साधारण शिक्षा प्राप्त गरी सांस्कृतिक संस्थान र ने.रा.प्र.प्र.मा प्रज्ञा सभासद्का रूपमा सेवा गरिसकेका बजिमयको 'प्रजातन्त्र' शीर्षकको कविता पहिलो रचनाका रूपमा २०२९ सालमा फेवाताल सामयिक सङ्कलनमा प्रकाशित भएको थियो । स्व. बजिमयका **अन्ततोगत्वा** (कथासङ्ग्रह २०४९) **समय भनेको समय हो** (कवितासङ्ग्रह) प्रकाशित छन् । उनले नौलो डाँको (साप्ताहिक), वातावरण (साप्ताहिक), फेवाताल (सामयिक), आँखीझ्याल (गोजिका), पलास (गोजिका), भूपि स्मृतिग्रन्थ, सम्मति (बुलेटिन), व्यापार (मासिक), १० औँ राष्ट्रिय भलिबल (स्मारिका), २२ औँ राष्ट्रिय एथलेटिक (स्मारिका), तेस्रो राष्ट्रिय खेलकुद (दैनिक बुलेटिन), ५ औँ राष्ट्रिय लायन्स महाधिवेशन (स्मारिका), राष्ट्रपुकार (साप्ताहिक), कास्की (स्मारिका) आदिको सम्पादन गरेका छन् । उनले २०४० र २०४२ सालमा राष्ट्रिय कविता महोत्सवमा तृतीय पुरस्कार, व्यथित काव्य पुरस्कार (२०४६), नेत्र स्मृति पुरस्कार (२०५१), युवा वर्ष मोती पुरस्कार (संयुक्त २०५२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५४), वीरेन्द्र–ऐश्वर्य सेवा पदक (२०६०), गजलश्री सम्मान (२०६०) प्राप्त गरेका थिए ।

**काठमाडौँ** । वि.सं. १९९१ साउन १५ गते धुम्बहाल/कोबहाल, ललितपुरमा माता आशामाया र पिता रामलाल वैद्यबाट जन्मिएका नेपाली र नेपाल भाषाका साहित्याकार जनकलाल वैद्यको निधन २०७८ साल मङ्सिर ४ गते भएको छ । नेपाली विषयमा एम.ए. र नेपाल भाषामा सबैभन्दा पहिले विद्यावारिधि गरी प्राध्यापन गरेका ८८ वर्षीय वैद्यले प्राध्यापन गरेका थिए । नेपाल भाषामा 'ल्वोल' शीषर्कको कथा २०११ सालमा **मचा** मासिकमा प्रकाशित गरी साहित्य लेखनमा प्रवेश गरेका उनका कल्याणी (नाटक २०२४), सत्यसती (विवेचना २०२४), स्वयाच्वंगु मिखा (कथासङ्ग्रह २०३९), नेपाल भाषाया काव्य सिर्जना प्रवृत्ति (विद्यावारिधि शोध २०४३), आशा सफू कुथिया अभिलेख ग्रन्थया वर्णनात्मक धलः (२०४८), राष्ट्रिय अभिलेखालयका नेपाल भाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र (२०५८), नेपाल भाषाया प्राचीन काव्य सिर्जना (२०५९), कीर्तिलक्ष्मीया पलाः (एकाङ्की नाटकसङ्ग्रह ने.सं. १११९), सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा पाँचतले मन्दिर : न्यातापोल देवल (२०६१) प्रकाशित छन् । उनले सयपत्री (२०५७), खेलुईताः (वार्षिक पत्रिका) को सम्पादन र ८० डेज इन यूरोप इम्प्रेजन एन्ड रिफ्लेक्सन (इ.सं. २००३) को अनुवाद गरेका छन् । उनले मायादेवी प्रज्ञा पुरस्कार (ने.रा.प्र.प्र. २०५३), गणेश दुवाल खिलकुमारी पुरस्कार, दीर्घ सेवा पदक आदि प्राप्त गरेका छन् । उनी सनातन धर्म सेवा समिति, ललितपुर, टङ्गाल टोल सुधार समितिबाट सम्मानित पनि भएका थिए ।

**नेपाल साहित्यिक पत्रकार सङ्घको नवनिर्वाचन**

**काभ्रे** । नेपाल साहित्यिक पत्रकार सङ्घको चौथो राष्ट्रिय सम्मेलनबाट 'जनमत' साहित्यिक मासिकका प्रधान सम्पादक मोहन दुवालको अध्यक्षतामा सर्वसम्मतिबाट उपाध्यक्षहरू वियोगी बुढाथोकी, रामप्रसाद पन्त, नवराज पुडासैनी, बालिका गिरी गङ्गा सुवेदी, महासचिवमा चेतनाथ धमला, उपमहासचिवमा नवराज रिजाल, सचिवमा होमशङ्कर बास्तोला, लक्ष्मी भट्टराई, कोषाध्यक्षमा सूर्यप्रसाद लाकोजु, केन्द्रीय सदस्यमा गणेश राई, गायत्रीकुमार चापागाईं, प्रकाश सिलवाल, यादव भट्टराई, माधवप्रसाद पोखरेल, सुधीर घिमिरे, डा. शैलेन्द्रप्रकाश नेपाल, बालमुकुन्द कार्की, पुण्य घिमिरे, नानीमैया अधिकारी, नवदीप श्रेष्ठ, जगत् वाशिष्ठ

र रामसुन्दर देउजा सम्मिलित ३५ सदस्यीय केन्द्रीय समिति निवाचित गरिएको छ । वि.सं. २०६३ मा स्थापित सङ्घको केन्द्रीय सल्लाहकारमा रोचक घिमिरे, नगेन्द्रराज शर्मा, मातृका पोखरेल, नरेन्द्रबहादुर श्रेष्ठ, लक्ष्मी उप्रेती, डा. रेवतीरमण लाल र वासुदेव अधिकारीलाई चयन गरिनुका साथै सङ्घको प्रकाशन 'आलेखन-३' पनि लोकार्पण गरियो ।

**'समय सङ्केत' लोकार्पित**

**काठमाडौँ** । भाषाविद् मुकुन्दशरण उपाध्यायको सभापतित्व, गजलकार ज्ञानुवाकर पौडेलको प्रमुख आतिथ्य, चेतनाथ कणेल 'हरित', त्रिपुरा पौडेल, कुसुम शर्मा, डा. बलराम अर्याल, स्मिता घिमिरे, इ. नवीन घिमिरे, रमेशकुमार भट्टराई, शिव अधिकारी, प्रशान्त अधिकारी, सङ्गीता भण्डारी, अनिल अधिकारीलगायतको उपस्थिति र वैदिक योगविद् तथा स्रष्टा द्वारिका पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा मालीगाउँकी ज्येष्ठ नारी स्रष्टा अनिता अधिकारीको प्रथम कविताकृति 'समय सङ्केत' लोकार्पण गरियो । टेका समूह, नेपालबाट प्रकाशित ५० ओटा कविता सङ्कलित कृतिमा कवि गङ्गा पौडेलको समीक्षात्मक टिप्पणी समेटिएको छ ।

सम्प्रेषण : चेतनाथ कणेल

**परिचर्चा तथा कविगोष्ठी**

**काठमाडौँ** । साहित्य सन्ध्याका अध्यक्ष रामविनयको अध्यक्षता, प्रलेसका उपाध्यक्ष गोपीरमण उपाध्यायको प्रमुख आतिथ्य, नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा.डा. भीम खतिवडाको विशेष आतिथ्य, प्रा.डा. षडानन्द पौडेल, डा. नारायण चौलागाईं, प्रा.डा. ध्रुव घिमिरे, प्राज्ञ लक्ष्मी माली, प्राज्ञ नन्दु उप्रेती, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'वेदमणि', सन्ध्याका सल्लाहकार वासुदेव अधिकारीको आतिथ्य र सन्ध्याका उपाध्यक्ष रमेश पोखरेलको प्रविधि व्यवस्थापन तथा सञ्चालनमा सम्पन्न सन्ध्याको ४२२ औँ शृङ्खलामा 'पूर्वीय दर्शन र भौतिकवाद' विषयक परिचर्चा आयोजन गरिनुका साथै रश्मि रिमाल, ओमप्रसाद कोइराला, गणेश मार्मिक, महेशराज खरेल, यामप्रसाद न्यौपाने, ललिता दोषी, विन्दु अधिकारी ढकाल, भीमकुमारी श्रेष्ठ, दुर्गा नेपाली, परशुराम पराशर, उर्मिला पन्त पाण्डेय, भगतदास श्रेष्ठ, खेमराज निरौला, तीला लेकाली, बेनीबहादुर थापा, तारा गाउँले, लक्ष्मी माली, जयन्ती स्पन्दन, प्रशान्त खरेलबाट वाचित कविता, गीत, हाइकु, एलाकउपर **प्रा.डा. षडानन्द पौडेल**ले टिप्पणी गर्नुभयो ।

सम्प्रेषण : रमेश पोखरेल

**घुम्ती कविगोष्ठी/कथावाचन**

**काठमाडौँ** । टेक्सास कलेजका ओमकार बस्नेतको सभापतित्व, अभिनव साहित्य समाजका अध्यक्ष गोविन्दप्रसाद घिमिरे वेदमणिको प्रमुख आतिथ्य, साहित्यकार कणाद महर्षिको विशिष्ट आतिथ्य, साहित्यकारहरू रमेशजङ्ग थापा, नारायण नेपाल, रुद्र अधिकार, दुर्गा अधिकारी भमरकोटे र निबन्ध आचार्यको आतिथ्य र दुर्गाभवानी भट्टको सञ्चालनमा सम्पन्न घुम्ती कविगोष्ठी नेपालको १०८ औँ शृङ्खलामा सुशील आचार्य, गोपाल नेपाल, घनश्याम प्रसाईं, रामकुमार पण्डित क्षेत्री, त्रिलोचन आचार्य, किर्ते पौडेलबाट वाचित रचनाको समीक्षा परशुराम पारशरले गरे । यसै गरी सुरभि साहित्य प्रतिष्ठानका उपाध्यक्ष परशुराम पराशरको अध्यक्षता, साहित्यकार कणाद महर्षिको प्रमुख आतिथ्य, गोविन्दप्रसाद घिमिरे 'वेदमणि'को विशिष्ट आतिथ्य, विमल अर्याल, अच्युत चालिसे, रमेशजङ्ग थापाको आतिथ्य, कोषाध्यक्ष रामकुमार पण्डित क्षेत्रीको स्वागत मन्तव्य र सचिव अच्युत घिमिरेको सञ्चालनमा सम्पन्न १३१ औँ शृङ्खलामा अच्युत चालिसे, मेनका पोखरेल आचार्य, प्रमोद प्याकुरेल, कात्यायन, सुरेश सुवेदी, रञ्जना पराजुली लम्साल, सङ्गीता ढुङ्गाना दाहाल आदिबाट वाचित कथाउपर प्रमोद प्याकुरेलले टिप्पणी प्रस्तुत गरे ।

## शब्दाङ्कुर पाइने स्थानहरू

| | |
|---|---|
| नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ | - ९८४३५७१८८२ |
| निरौला बुक्स, कोटेश्वर, काठमाडौँ | - ९८५११-७८६१४ |
| श्रेष्ठ बुक एन्ड न्युज सेन्टर, दमक, झापा | - ०२३-५८४१२५ |
| भट्टराई पुस्तक पसल, विराटनगर, मोरङ | - ०२१-५२४२४३ |
| मुनाल पुस्तक भण्डार, गाईघाट, उदयपुर | - ०३५-४२०८६४ |
| न्यु परजुना स्टेसनरी, सिन्धुली | - ०४७-५२००२५ |
| नारायणी पुस्तक सदन, नारायणगढ, चितवन | - ०५६-५२११८० |
| सुनगाभा बुक्स एण्ड स्टेसनरी, भरतपुर, चितवन | - ०५६-५३१४७० |
| कञ्चन पुस्तक पसल, पोखरा, कास्की | - ०६१-५२४४६६ |
| सिटी बुक एन्ड न्युज सेन्टर, बुटवल, रुपन्देही | - ०७१-५४५२३६ |
| न्यु प्रभात पुस्तक पसल, सुर्खेत | - ०८३-५२००७५ |
| विपिन पुस्तक पसल, महेन्द्रनगर, कञ्चनपुर | - ०९९-५२०१४८ |

## महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

**सुरक्षा/दमकल/सोधपुछ**

प्रहरी कन्ट्रोल १००/दमकल १०१/ट्राफिक १०३/बाल बालिका खोजी १०४/आकस्मिक प्रहरी सेवा ४२२६९९९/सोधपुछ १९७

**हेलो सरकार**

११११/४२११०८७/1111@nepal.gov.np

**एम्बुलेन्स**

नेपाल १०२/शिक्षण, सिनामङ्गल ४४७६१५२/शिक्षण, जोरपाटी ४९११००८/कान्तिपुर, तिनकुने ४११११९५७/८५८/नर्भिक, थापाथली ४२५८५५४/४२१८२३०/शान्ताभवन ४४७०१८१/अर्थोपेडिक ४९११७२५/२७४/गङ्गालाल ४३७१३२२/७४/लाइफ केयर ४२२७७३५/मितेरी ६६३१७३६/४०१६/क्यापिटल ४२४४०२२/वेलकेयर ४४२६१८४/सुमेरु ५००३३८८/५००३३९९/परोपकार ४२६०८९१/विशालबजार ४२४४१२१/रेडक्रस ४२२८०९४, ५५४५६६६/६६१२२६६

**शव वाहन**

चेम्बर ४२३०२१३/पशुपति आर्यघाट ४४९२९९९/देव कर्नर ४४३४०९३

**अस्पताल**

वीर ४२२१९८८/त्रिवि शिक्षण ४४१२७०७/प्रसूति गृह ४२५३२७७/पाटन ५५२२२७८/भक्तपुर ६६१०६७६/मानसिक ५५२२२७८/ कान्ति बाल ४४२७४५२/टेकु ४२५३३९६/निजामती कर्मचारी ४१०७०००/०२/वीरेन्द्र सैनिक ४२७१९४०/४१/नेपाल प्रहरी ४४१२४३०/५३०/नेपाल आँखा ४२५०६९१/तिलगङ्गा आँखा ४२६१२५९/

**शिक्षण कलेज**

बिपी, धरान ०२५-५२५५५५/नोबेल, विराटनगर ०२१-४६०७३६/४६१७३५/केयु, काभ्रे ०११-४९०४९७/नेपाल, जोरपाटी ४९११००८/काठमाडौँ, सिनामङ्गल ४४६९०६४/४४७६१५२/नेपाली सेना ०१-४८८१२५९/नेसनल ४२३०७१०/किस्ट ५२०१६८२/पाटन ५५४५११२/१५३/जानकी ०४१-६२०२०२/५२०२०६/नेसनल, वीरगन्ज ०५१-५३२२६०/५२४३२०/साइन्स, चितवन ०५६-५२४२०३/चितवन०५६-५३२९३३/मनिपाल, पोखरा ०६१-५२६४१६/१७/१८/१९/गण्डकी ०६१-५३८५५९५/४६५७/लुम्बिनी ०७५-४११२०१/२/युनिभर्सल, भैरहवा ०७१-५०६१२१/३८/नेपालगन्ज ०८१-५२१५७२/५२३१८२/

# जाडोबाट बच्न
# निम्न उपायहरु अबलम्बन गरौँ :

- तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौँ,
- न्यानो कपडा लगाऔँ,
- घाम वा आगो तापौँ,
- तेल मसाज गरौँ,
- शारिरिक व्यायाम गरौँ,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौँ,
- ताजा र पौष्टिक खानेकुरा खाऔँ,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौँ,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔँ ।

**नेपाल सरकार**

विज्ञापन बोर्ड

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |